# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बुढीगंगा नगरपालिका

### बाजुरा





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बुढीगंगा नगरपालिका

### बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बुढीगंगा नगरपालिका

बाजुरा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५६२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बुढीगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बाजुरा ।

**कैफियत सहितको राय**

हामीले बुढीगंगा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ७ करोड ९८ लाख ३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड ४ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ६१ लाख ५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९७ लाख २५ हजार र पेश्की रू. ३५ लाख ४५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ११ करोड ७६ लाख ३३ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १९ करोड ७४ लाख ३६ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बुढीगंगा नगरपालिका, बाजुरा

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८० | ७० | ७९८०३ | ० | ० | ० | ८० | ७० | ७९८०३ | १०४२८ | १९७२५ | ४६१०५ | ० | ० | ६५८३० | ३५४५ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| बुढीगंगा नगरपालिका, बाजुरा | ११७६३३ | ० | ० | ११७६३३ | ० | ७९८०३ | १९७४३६ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बुढिगंगा नगरपालिका, बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कल्पना कुमारी ठकुल्ला | २०७८-११-६ | |
| कार्यालय प्रमुख | प्रेमकाजी महर्जन | २०७७-१-७ | २०७८-८-१७ |
| कार्यालय प्रमुख | नरेन्द्र नाथ | २०७९-५-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुर्ण चन्द्र जैशी | २०७६-१०-१५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७९,८०३,८८९.९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,११,२५,००० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५,५२,७०,५२३ | **चालु खर्च** | २७,९२,८३,३५६.०२ |
| **प्रदेश सरकारबाट अनुदान** | २,३१,१७,००० | **पूँजीगत खर्च** | १४,०१,७८,७६३.३३ |
| **राजश्व बाँडफाँट** | ५,८०,७०,५०३.९७ | **वित्तीय/अन्य व्यवस्था** | १७,१८,३७,२८५.५४ |
| **आन्तरिक आय** | १३,०३,५८६ | | |
| **अन्य आय** | ११,०४,१४,५६३ | | |
| **कुल आय** | ५४,८१,७६,१७५.९७ | **कुल खर्च** | ५९,१२,९९,४०४.८९ |
| **बाँकी मौज्दात** | | ४,८०,०१,७७१.०८ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । नगरपालिका अन्तर्गत १० वडा ५३ सभा सदस्य ५९ वर्ग किलोमिटर क्षेत्रफल तथा घरधुरी सर्वेक्षण २०७४ बमोजिम २१६७७ जनसंख्या रहेको छ ।<br>कार्यालयको आ.व. २०७८।७९ को प्रस्तुत आर्थिक विवरण र सो सँग सम्बन्धित आर्थिक कारोवारको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एवम् कार्यक्रम, व्यवस्थापन प्रतिनिधित्वपत्र र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जटिल प्राविधिक विषय, सिमित समय, कमजोर अभिलेख एवम् सुचनाको अपर्याप्तताको सिमा भित्र रहि लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणवाट देखिएका व्यहोराहरु निम्नानुसार छन्ः<br><br>लेखापरीक्षणले औंल्याएपछि अनुदान रकम फिर्ता गर्न बाँकी रहेको मध्ये रु ६४५८८३२२।३७ र कट्टा गरी दाखिला गर्न बाँकी रहेको कर रु १५३२०६०। समेत रु ६६१२०३८२।३७ दाखिला भएको प्रमाण पेश भएको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>बित्तिय व्यवस्था<br><br>सुत्र सफ्टवेयरले तयार गरेको वित्तीय विवरण निम्नानुसार रहेको छ।<br><br>
<table>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत /सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/ सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>५२,१६,५५,२५०</td><td>५०,१८,२१,५००.२४</td><td></td><td>५०,१८,२१,५००.२४</td><td>५१,४८,७३,२२६.७७</td><td>४३,५२,०००</td><td>५१,९२,२५,२२६.७७</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>५१,८४,९७,०००</td><td>५०,१८,१०,९००.२४</td><td>०</td><td>५०,१८,१०,९००.२४</td><td>५१,३६,९६,६८६.७७</td><td>४३,५२,०००</td><td>५१,८०,४८,६८६.७७</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११००० कर | ११ | ७,८७,५८,००० | ६,१३,२७,४३४.७४ | ० | ६,१३,२७,४३४.७४ | ४,९६,९८,८१४.७७ | ० | ४,९६,९८,८१४.७७ |
| १३००० अनुदान | | ४३,८६,२४,००० | ४३,९४,५२,१६७ | ० | ४३,९४,५२,१६७ | ४६,३६,३९,८१० | ४३,५२,००० | ४६,७९,९१,८१० |
| संघीय सरकार | १२ | ४०,९७,०७,००० | ४१,०५,३५,१६७ | ० | ४१,०५,३५,१६७ | ४२,५९,८०,८१० | ४३,५२,००० | ४३,०३,३२,८१० |
| प्रदेश सरकार | १२ | २,८९,१७,००० | २,८९,१७,००० | ० | २,८९,१७,००० | ३,७६,५९,००० | ० | ३,७६,५९,००० |
| १४००० अन्य राजस्व | | ११,१५,००० | १०,३१,२९८.५० | ० | १०,३१,२९८.५० | ३,५८,०६२ | ० | ३,५८,०६२ |
| ख. अन्य प्राप्ति | | ३१,५८,२५० | १०,६०० | | १०,६०० | ११,७६,५४० | | ११,७६,५४० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ३१,५८,२५० | ० | ० | ० | ११,७६,५४० | ० | ११,७६,५४० |
| धरौटी | | ० | १०,६०० | ० | १०,६०० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६०,७३,५५,२५० | ३९,८८,९२,९७७.६२ | | ३९,८८,९२,९७७.६२ | ४७,३५,८४,३२१.७६ | २०,२७,७२७ | ४७,५६,१२,०४८.७६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६०,४१,९७,००० | ३९,९५,५३,८९२.३२ | | ३९,९५,५३,८९२.३२ | ४७,३५,८४,३२१.७६ | २०,२७,७२७ | ४७,५६,१२,०४८.७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १९,००,८०,९९२ | १६,४८,२२,५०४.७८ | ० | १६,४८,२२,५०४.७८ | ७,२०,४८,६३०.३७ | ० | ७,२०,४८,६३०.३७ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७,०६,१५,००४ | ११,०९,२४,८८३.३३ | ० | ११,०९,२४,८८३.३३ | २२,१७,९७,६९१.६७ | २०,२७,७२७ | २२,३८,२५,४१८.६७ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ४,५०,००० | ० | ० | ० | ३,५३,०५,७४८.८१ | ० | ३,५३,०५,७४८.८१ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १,०९,०९,९९७ | १८,७९,४६६.९१ | ० | १८,७९,४६६.९१ | ११,४९,४७१ | ० | ११,४९,४७१ | |
| | | | २८००० अन्य खर्च | १८ | ३०,९९,९९६ | १६,५६,५०१ | ० | १६,५६,५०१ | १५,०१,०२१ | ० | १५,०१,०२१ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,९०,४१,०११ | १२,०२,७०,५३६.३० | ० | १२,०२,७०,५३६.३० | १४,१७,८१,७५८.९१ | ० | १४,१७,८१,७५८.९१ | |
| | | | घ. अन्य भूक्तानी | | ३१,५८,२५० | (६,६०,९१४.७०) | | (६,६०,९१४.७०) | ४७,३५,८४,३२१.७६ | २०,२७,७२७ | ४७,५६,१२,०४८.७६ | |
| | | | कोषहरु | | ३१,५८,२५० | ० | ० | ० | ० | ० | ० | |
| | | | धरौटी | | ० | ८,७१,१४६ | ० | ८,७१,१४६ | ० | ० | ० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१५,३२,०६०.७०) | | (१५,३२,०६०.७०) | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (८,५७,००,०००) | १०,२९,२८,५२२.६२ | | १०,२९,२८,५२२.६२ | ४,१२,८८,९०५.०१ | २३,२४,२७३ | ४,३६,१३,१७८.०१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>९,२८,८५,४६७</td><td></td><td>९,२८,८५,४६७</td><td>१०,७५,००,०००</td><td></td><td>१०,७५,००,०००</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(८,५७,००,०००)</td><td>१९,५८,१३,९८९.६२</td><td></td><td>१९,५८,१३,९८९.६२</td><td>१४,८७,८८,९०५.०१</td><td>२३,२४,२७३</td><td>१५,११,१३,१७८.०१</td></tr>
</table>
कार्यालयले तयार गरेको आय व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।<br>
क) सुत्र प्रणाली अनुसारको प्राप्ति भुक्तानी हिसाव अनुसार २०७८ आषाढ मसान्तको मौज्दात रु १५११११३१७८.०१ रहेकोमा यो वर्ष २०७८ श्रावणको शुरु मौज्दात जिम्मेवारी रु ९२८८५४६७ सारेकोले रु ५८२२७७११।०१ घटी जिम्मेवारी सारेको देखिएको कारण उल्लेख नगरेकोले एकिन गर्नु पर्दछ ।<br>
ख) एकिकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु ६३९३०११७५।९७ रहेकोमा सुत्र प्रणालीको प्राप्ति तथा भुक्तानीको विवरणमा आफैले गरेको प्राप्ति कोलम अनुसार रु ५०,१८,२१,५००.२४ देखाएकोले कार्यालयको आम्दानीमा रु १३७४७९६७५।७३ फरक परेकोले एकिन गर्नुपर्दछ।<br>
ग) कार्यालयले तयार गरेको आय-व्यय विवरण अनुसार यस बर्षको बाँकी मौज्दात रु ४८००१७७१।०८ रहेकोमा सुत्र सफ्टवेयरबाट जारी प्रतिवेदनमा बर्षान्तको बाँकी बैंक तथा नगद मौज्दात रु१९,५८,१३,९८९.६२ रहेकोले रु १४७८१२२१८।५४ फरक परेको छ। यस सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्दछ।<br>
घ ) पालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान तथा सहयोग रकम सुत्र प्रणालीमा समावेश गर्नुपर्नेमा यस बर्ष अन्तरसरकारी अख्तियारीबाट रु १००००५७७६। प्राप्त भई खर्च भएकोमा सुत्र प्रणालीमा समावेश गरेको छैन। पालिकामा प्राप्त हुने सबै प्रकारका रकम अनुदान सुत्र प्रणालीमा आम्दानी जनाई खर्च गरिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>आयोजनाको गुणस्तरः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले आफुले लिएको काम गुणस्तरिय बनाउन त्यस्को प्राविधिक नापजाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था छ । पालिकाले आयोजना कार्यान्वय गर्दा कतिपय भवन, खानेपानी, सिचाइ जस्ता संरचनाहरुमा निश्चित अशको लागि मात्रै रकम विनियोजन गरी काम गराउदा त्यस्ता संरचना लामो समयसम्म पूर्ण नहुने, वातावरणीय प्रभाव लगायतको कारणले गुणस्तरमा ह्रास आउन सक्ने सम्भावना रहन्छ । त्यस्तै पालिकाले उपभोक्ता समितिबाट काम भएका सबै प्रकृतिका आयोजनामा गुणस्तर परीक्षण अनिवार्य गरेको पाइएन । तसर्थ आयोजना एकैपटक पूर्ण रुपमा सम्पन्न हुने गरी र सबै आयोजनाको प्रत्यक चरणमा गुणस्तर परीक्षण अनिवार्य गर्ने व्यवस्था गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **नर्म्समा भिन्नताः** पालिकाले निर्माण कार्यमा परिमाण बिष्लेषणको लागि प्रयोग गरिएको नर्म्स कुन निकायको र कहिलेको हो भन्ने व्यहोरा लेखापरीक्षणको लागि पेश हुन सकेन । निर्माण आयोजना अन्तर्गत हुने कार्य आइटममा सम्बन्धित कार्य क्षेत्र अनुसारको नर्म्सको प्रयोग हुनुपर्दछ। | |
| ५ | | | **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११ (१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ। | |
| ६ | | | **सम्पत्ति उपयोग र संरक्षण -** | |
| ६.१ | | | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल—अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु नगरपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, नगरपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ | |
| ६.२ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ | |
| ६.३ | | | **जिन्सी निरीक्षण -** जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७८।७९ मा जिन्सी निरिक्षण गरेको भएता पनि त्यस्तो प्रतिवेदनले औंल्याएका कैफियतहरुलाई समयमै सम्बोधन गरेको पाइएन । उल्लिखित कमजोरीहरु समयमै सुधार गरी जिन्सी समानहरुको अभिलेख, संरक्षण तथा उपयोगलाई व्यवस्थित बनाइनुपर्दछ | |
| ७ | | | **सेवा प्रवाह —** | |
| ७.१ | | | **सेवा प्रवाह र आम्दानीः** पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ। | |
| ७.२ | | | **आन्तरिक आयको स्थिति -** पालिकाले यो बर्ष कुल रु ५४२५०००.०० आन्तरिक आय हुने अनुमान गरेकोमा कुल रु १३०३५८६.०० आय प्राप्त भएको देखिन्छ । पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरणमा एकमुष्ठ आय जनाएको तर कुन शिर्षकमा के कती आम्दानी भयो भनी नखुलाएकोले शिर्षकगत आय सम्बन्धमा बिष्लेषण गर्न सकिएन । | |
| ७.३ | | | सुशासन (व्यवस्था पन तथा संचालन ) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण ,सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण , खुलाई नागरिक वडापत्र राख्नु पर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष घरनक्सा पासको विवरण पेश नभएको, 2१०७ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| ८ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.१</td><td></td><td></td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यस बर्ष रकम जम्मा नगरेको तर गत बिगतमा राखेको पालिकाको कर्मचारी कल्याण कोषमा रु १३०००००।०० मौज्दात रहेको छ। पालिकाले कर्मचारी कल्याण कोष खर्च तथा सञ्चालन कार्यविधि बेगर कोषमा रकम जम्मा गरेकोले स्थानिय संचित कोड फिर्ता गर्नुपर्ने रु.<br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>८.१.१</td><td>कल्याण कोष खर्च तथा सञ्चालन कार्यविधि बेगर कोषमा रकम जम्मा गरेको</td><td>१३,००,०००</td></tr>
</table></td><td>१,३००,०००</td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६५ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड १३ लाख १५ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको प्रशासन सहायक पदमा 4 जनाको रु. ११५२८४०। र डोजर चालक र सहचालकको रु. ६५००००।०० समेत करार नियुक्ति गरी बर्षभरीमा जम्मा रु. २०,०२,८४०.०० भुक्तानी गरेको अनियमित दिखएको रु.<br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>रकम</th></tr>
<tr><td>८.२.१</td><td>दरवन्दी बाहेकका करारमा कर्मचारी नियूक्ती</td><td>२०,०२,८४०</td></tr>
</table></td><td>२,००२,८४०</td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>तलवी प्रतिवेदनः निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यसवर्ष कर्मचारी तलव भत्तामा रु.१,६०,९३,४८३। खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २२ (करार बाहेक) जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | |
| ९ | | | **महोत्सव तथा मेल व्यवस्थापन खर्च —** | |
| ९.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा नगरपालिकाले १० वडा अन्तर्गत उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.४००,०००।- खर्च गरेको छ । | |
| ९.२ | | | **विविध खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।त्यस्तै महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । कार्यालयको विविध खर्च शिर्षकमा रु. १३९५६६५।- खर्च गरेको छ । उक्त खर्च अन्तर्गत अधिकाशं खर्च होटलको बिल पेश हुने गरेको, बिलमा चिया ,नास्ता ,मासु खाना ,मः मः लगायत खाजा बिल पेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा यस अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.३ | | | **घरभाडाः** पालिकाले यो बर्ष कार्यालय प्रयोजनको लागि भनी घरभाडा शिर्षकमा रु ४,८८,३०१.०० खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा घरभाडाको सम्झौता पेश नभएकोले भुक्तानी भएको मासिक दर र कुल रकम यथार्थ हो भनी एकिन गर्न सकिएन । खर्च लेख्दा सम्झौता लगायतका कागजात संलग्न नगर्ने तथा लेखापरीक्षणमा पेश नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ । | |
| १० | | | **चौमासिक खर्च** – | |
| १०.१ | | | **लक्ष्य प्रगति** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ । | |
| १०.२ | | | **बार्षिक आर्थिक कारोवारको प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९० उपनियम (१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवार (नगदी,जिन्सी आय व्यय) को अनुसूची २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुई प्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र एक प्रति तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म अनुसूची २११ बमोजिमको ढाँचाको वार्षिक आर्थिक कारोवार, प्रतिवेदन तयार नगरेकोले नियमको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ । | |
| १०.३ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **क्र.सं.** | **क्षेत्र** | **बजेट** | **खर्च** | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,६१,४९,९९६ | १,६३,६८,६२० | ४।०९ |
| २ | पूर्वाधार विकास | १५,३०,४३,०११ | ७,४५,१२,८६७.३० | १८।८७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३१,६२,३५,९९४</td><td>२५,४०,९१,२४३.४४</td><td>६३।५९</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०,०</td><td>०,०</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>४७,६९,९९९</td><td>१८,८०,५१४</td><td>०।४७</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१०,३९,९८,०००</td><td>५,२७,००,६४७.५८</td><td>१३।१८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६०,४१,९७,०००</td><td>३९,९५,५३,८९२.३२</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ६३।५९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०।४७ प्रतिशत रहेको छ भने वातावरण विकास क्षेत्रमा वजेट विनियोजन नै गरेको छैन ।
</td><td></td></tr>
<tr><td>१०.४</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिना भित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । कोष तथा लेखा नियन्त्रक कार्यालय बाजुराले यस कार्यालयको केन्द्रिय र प्रदेश बजेटको निकासा तर्फको आन्तरीक लेखापरीक्षण गरेतापनि पालिका बजेटको लेखापरीक्षण भएको छैन । चौमासिक लेखापरीक्षण गरी सोको चौमासिक रुपमा प्रतिवेदन जारी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>१०.५</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले नगरपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा जम्मा खर्च रु.१२ करोड ०२ लाख ७० हजार मध्ये तेश्रो चौमासिकमा रु.८ करोड ७ लाख ३६ हजार र आषाढ महिनामा रु.३ करोड २५ लाख ३ हजार खर्च भएको पाइयो । जस अनुसार तेस्रो चौमासिकमा कूल खर्चको ६७.१२%</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र आषाढमा २७.०२% खर्च भएको देखियो । अतः आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ। | |
| ११ | | | **आयोजना अनुगमन :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रायजसो वडास्तरिय कार्यक्रम वडा अध्यक्ष र नगरस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उप प्रमुखको अध्यक्षतामा रहेको नगरस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यति खर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । यसबाट उक्त काम सम्झौता अनुसार नै सम्पन्न भएको थियो भन्ने बुझिन आउँदछ । सवै जसो कामको अनुगमन पश्चात भुक्तानी हुने गरेको देखिँदा कुनै आयोजनामा कमि कमजोरी वा गुणस्तरमा प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ ।साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ । | |
| १२ | | | **बीमा गराउनुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |
| १३ | | | **मर्मत आदेश -** | |
| १३.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ ।सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत म.ले.प.फा.नं. 415 तयार नगरी सवारी साधन मर्मत रु.११०२४९५.०० र मेशिनरी तथा औजार मर्मत संभार रु.५,५५,७७० समेत रु.१६,५८,२६५.०० खर्च लेखेको छ । नियमको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| १३.२ | | | **सञ्चार महशुल -** पालिकाले यो बर्ष सञ्चार महशुलमा रु २४,२६,४०५.०० खर्च गरेकोमा त्यस्तो खर्च कार्यालय प्रयोजनका अतिरिक्त केही पदाधिकारी तथा कर्मचारीलाई रिचार्ज सुविधाको रुपमा पनि खर्च गरेको पाइयो । सञ्चार सुविधालाई कानूनद्धारा व्यवस्थित गरेर मात्र खर्च | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरिनुपर्दछ । विभिन्न तहका कर्मचारीलाई सञ्चार सुविधा दिने गरी कानून बनाएको नपाइएको तथा नगरसभाबाट पनि त्यस्तो प्रकृतिको निर्णय भएको नदेखिएकोले यस्तो खर्चलाई कानूनद्वारा व्यवस्थित बनाइनुपर्दछ । | |
| १४ | | | **वित्तीय विवरण परीक्षण**<br><br>पालिकाको वित्तीय विवरण सम्बन्धमा देखिएका आन्तरीक नियन्त्रण व्यवस्था निम्नानुसार छन् | |
| १४.१ | | | **सञ्चित कोष —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ मा सञ्चित कोष रहने र जुनसुकै रकम सञ्चितकोषमा आम्दानी जनाएर खर्च खातामा ट्रान्सफर गरी खर्च गर्न पाईने व्यवस्था छ । कार्यालयले सञ्चित कोषमा आम्दानी बाँध्दा आम्दानी बाँध्न छुट भएको रकम मासिक रुपमा बैक हिसाव मिलान विवरण तयार गरी खाता अद्यावधिक गर्नुपर्नेमा व्यवस्था छ । पालिकाको सञ्चित कोष खाताको परीक्षण गर्दा प्राप्त निकासा तथा आम्दानी संचित कोषमा आम्दानी बाँधे पनि खर्च शिर्षक नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गरेको छैन भने सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिम विवरणहरु तालुक निकायमा पठाउनु पर्दछ । | |
| १४.२ | | | **खर्च खाता फ्रिज नगरेको** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा स्वतः फिर्ता हुने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खर्च खाताहरुमा रु. ८,२२,६०,१४४।४२ र पूँजीगत खर्च खाताहरुमा रु. ९,७२,३९,१०५।७० समेत रु. १७,९४,९९,२५०।१२ खर्च नभई खर्च खातामै मौज्दात रहेको छ । ऐनको प्रावधान अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रहेको रकम स्थानीय सञ्चित कोष फिर्ता हुनुपर्दछ। | |
| १४.३ | | | **धरौटी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७० अनुसार कार्यालयले धरौटी कारोवारको श्रेस्ता र बैङ्कमा बाँकी रहेको रकम मासिक रूपमा भिडाई हिसाब मिलान गर्नु पर्दछ। कार्यालयकोअघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनअनुसार धरौटी मौज्दात रु १,२२,०२,६३२ रहेकोमा श्रेस्ताअनुसार यस वर्षको धरौटी आम्दानी रु ३३,३१,४८५।४३, खर्च ६१,६२,०३२ र बैङ्कअनुसार मौज्दात रु ६४,८५,४७१ रहेको विवरण पेस भएको छ। धरौटी मौज्दात जम्मा रु ९३,७२,०८५ देखिनुपर्नेमा बैङ्कअनुसार घटी मौज्दात रहेकोमा हिसाव भिडान गरेको छैन । | |
| १४.४ | | | स्थानीय तहले पेश गरेको कोषहरुको कारोवारलाई शुत्रमा आवद्ध गरी अद्यावधिक हिसाव मिलान गर्नु पर्दछ । पालिका अन्तर्गत रहेको कोषहरुको हिसाव सुत्र प्रणालीमा आवद्ध गरेको छैन । पालिकाका सवै कोषहरु सुत्र प्रणालीमा आवद्ध गरिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.५</td><td></td><td></td><td>

**बैंक हिसाव मिलान** — स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ २ बमोजि स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारीशमा महालेखा परीक्षकवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा श्रेष्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले संचालन गरेको देहकाय बमोजिमको खातामा निम्नानुसारको फरक रकम देखिएको छ । बैंक मौज्दात तथा श्रेष्ताको मौज्दातमा निम्नानुसार फरक देखिएकोमा कार्यालयले बैंक हिसाव मिलान विवरण तयार गरेको छैन । खाता र वैंक विचको रकम विश्लेषण गर्दा पूँजीगत खर्च खातामा श्रेष्ता भन्दा बैंक रु ३९९६२७७९।४३ घटी छ भने सवै खाताको हेर्दा श्रेष्ता भन्दा बैंक रु ५००५००२२।०६ बढी छ । यस सम्बन्धमा कार्यालय स्वयंले यकिन गरी फरक रकम को हिसाव मिलान विवरण तयार गरी पेश गर्नुपर्दछ ।

<table>
<tr><th>सि नं</th><th>खाताको नाम</th><th>श्रेष्ता अनुसार बाँकी</th><th>बैंक अनुसार बाँकी</th><th>बैंक घटी/ बढी</th></tr>
<tr><td>१</td><td>चालु खर्च खाता</td><td>८२३४७५८०.९२</td><td>९९१४२२९३.५५</td><td>१६७९४७१२.६३</td></tr>
<tr><td>२</td><td>पूँजीगत खर्च खाता</td><td>९७३६१६१५.७</td><td>५७३९८८३६.२७</td><td>-३९९६२७७९.४३</td></tr>
<tr><td>३</td><td>सञ्चित कोष खाता</td><td>१६३९०००</td><td>४४३४०३६८.५३</td><td>४२७०१३६८.५३</td></tr>
<tr><td>४</td><td>धरौटी खाता</td><td>८९९९२१</td><td>६४८५४७१.७७</td><td>५५८५५५०.७७</td></tr>
<tr><td>५</td><td>कल्याण कोष खाता</td><td>१३०००००</td><td>१३०००००</td><td>०.</td></tr>
<tr><td>६</td><td>आन्तरीक अनुदान खाता</td><td>१०९९४३१४</td><td>१०९९४३१४</td><td>०.</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>राजश्व बाँडफाँड खाता</td><td>८९४००२६.५६</td><td>८९४००२६.५६</td><td>०.</td></tr>
<tr><td>८</td><td>आन्तरीक श्रोत स्थानीय तह राजश्व खाता</td><td>२८७५३०६</td><td>२८७५३०६</td><td>०.</td></tr>
<tr><td>९</td><td>विपद् व्यवस्थापन कोष</td><td>२१२१५२३</td><td>२१२१५२३</td><td>०.</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०८४७९२८७.१८</td><td>२३३५९८१३९.६८</td><td>२५११८८५२.५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कानुन निर्माण एवं कार्यान्वयन -</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले पेश गरेको बिवरणअनुसार १ वटा ऐन, ४ वटा नियमावली र ६ वटा कार्यबिधि तथा निती मापदण्ड स्वीकृत तथा राजपत्रमा प्रकाशन गरी कार्यान्यनमा ल्याएको छ । आवाश्यक कानुन निर्माण गर्ने,राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>न्यायीक समिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 1 र यो बर्ष थप भएको ६ गरी कुल ७ विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई १ बाँकी रहेको विवरण पेश गरेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना-</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालनाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ—आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयको लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहायका कमजोरी रही असर पर्ने देखिएको छ । अतः आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछः-<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नभएको,<br>• नगर प्रमुखको तोकादेश बाट योजना स्वीकृत गर्ने गरेको, नगर सभाबाट स्वीकृत गर्नुपर्ने,<br>• निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको ,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• वितरणमूखी कार्यक्रमलाई संचालन गरेको,<br>• पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको,<br>• स साना योजनालाई प्राथमिकता दिएको,<br>• नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,<br>• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।<br>• भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको ।<br>• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।<br>• ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।<br>• ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको ।<br>• जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको ।<br>• कोषहरुको कार्यविधि कानून नवनाएको, • उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,<br>• कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको,<br>• कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्थागत क्षमता विकासमा उल्लेखनिय प्रगति नगरेको,<br>• आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,<br>• कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको,<br>• उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,<br>• चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको,<br>• राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,<br>• सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरेको<br>• प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,<br>• विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको<br>• अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको,<br>• एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण गरेको,<br>• लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको,<br>• विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको विलमा घरयासी प्रयोजनका खाद्यान्न सामानको प्रयोजन नखुलाई विल राखी भुक्तानी गरेको,<br>• कार्यालयमा टेलिफोन नभएको भनी प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको,<br>• उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको,<br>• अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको,<br>• सवं प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,<br>• उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ,<br>• लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको<br>• जिन्सी खाता,बैक नगदी किताव, लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको,<br>• आम्दानी तर्फको म.ले.प.फा.नं. १०४ देखि १०९ सम्म नराखेको,<br>• म.ले.प.फा.नं.४०७ र ४०८ जिन्सी खाता अद्यावधिक नगरेको ,<br>• समयमा पेश्की फछ्र्यौट नगरेको,<br>• केही उपशिर्षकमा बैंक नगदी किताब र आषाढको खर्चको फाटवारी नमिलेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • नियम बमोजिम खर्चको विल भरपाईको तेरिज, जोडजम्मा, प्रमाणिकरण,भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको,<br>• ईन्धन खर्चको लगबुक नराखेको,<br>• कतिपय निजी सवारी साधन मर्मत खर्च भुक्तानी गरेको, नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने<br>उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७ | | | **खरिद कारवाही अभिलेख —**<br><br>खरिद कारवाही अभिलेख — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, बोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरूलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्याङ्कन प्रतिवेदन, सफल बोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरूलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरू, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्याङ्कन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रूपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरू अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणको क्रममा माग गरेका खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरू सिलसिलेवार रूपमा एउटै फाइलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ । | |
| १८ | | | **न्यूनतम दररेटः**<br><br>**न्यूनतम दररेटः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले कैलालीको जिल्ला दररेटलाई आधार लिने निर्णय बमोजिम निर्माण सामाग्रीमा ढुवानी रकम समावेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ । अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री जिल्ला स्थित आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ । स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समावेश गरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयले दररेट तयार गर्नुपर्नेमा कैलाली लाई आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ । स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १९ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**<br><br>कार्यालयको अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता सम्बन्धमा देखिएका नियन्त्रण व्यवस्था निम्नानुसार छन्ः | |
| १९.१ | | | स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने समपूरक र विशेष अनुदान बापतको रकम वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेमा कार्यालयको बार्षिक कार्यक्रम तथा योजना परीक्षण गर्दा समपुरक अनुदानवाट सञ्चालन हुने कार्यक्रम बार्षिक योजनामा समावेश गरेको देखिएन । अनुदान प्राप्त भई सो वाट सञ्चालन हुने योजना कार्यक्रममा समावेश हुनु पर्दछ । | |
| १९.२ | | | प्रदेश समपुरक अनुदानको लागत साझेदारीमा प्रदेशको ४० प्रतिशत र पालिकाको ६० प्रतिशत साझेदारी रहने कार्यविधिमा उल्लेख भएको र संघीय समपुरकको हकमा संचालन हुने योजनाहरुमा ५० प्रतिशत अनुदानवाट प्राप्त हुने रकम र ५० प्रतिशत पालिकाको समपुरक योजनाको लागि छुट्टयाईएको रकमबाट खर्च गरिनु पर्दछ । यस वर्ष समपुरक अनुदान वापत रकम प्राप्त भएकोमा समपुरक अनुदान कार्यविधि बमोजिम तोकिएको साझेदारी भएको पाईएन । तोकिएको साझेदारी हुनुपर्दछ । | |
| १९.३ | | | **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको रु ६५६६९४७७।२७ लेखापरीक्षण अवधि सम्म फिर्ता गरेको छैन। | |
| २० | | | **बजेट तथा कार्यक्रम**<br><br>पालिकाको बजेट तथा कार्यक्रम सम्बन्धमा देखिएका नियन्त्रण व्यवस्था निम्नानुसार छन्ः | |
| २०.१ | | | **स्रोत अनुमान समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्राक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्रोत अनुमान समिति गठन गरी स्रोत अनुमान तथा सिमा निर्धारण गरेको देखिएन। ऐनमा व्यवस्था भए बमोजिम समिति गठन गरी बजेट स्रोत, सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण योजना छनौट गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **राजश्व परामर्श** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दरसमेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । राजश्व परामर्श समिति गठन गरी समितिले गरेका काम कारवाही लेखापरीक्षणमा पेश भएन। ऐन अनुसार समिति गठन गरी नियमित बैठक बस्ने तथा पालिकाको आय बृद्दि गर्न राजश्वका दर तोक्ने तथा राजश्वको दायरा बृद्दि गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २०.२ | | | **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । पालिकामा बजेट तर्जुमा समिति गठन गरी बजेट तयार गरेको देखिएन । ऐन अनुसार समिति गठन गरी आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा, कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । | |
| २०.३ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नु पर्दछ । कार्यालयले आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरेको तथा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य तथा दिगो विकासको लक्ष्य बमोजमि योजनाहरु आन्तरीकिकरण गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| २०.४ | | | **अवण्डा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार बजेट पेश गर्ने र पारित गर्ने सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था विपरीत पालिकाले यसवर्ष गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम शीर्षकमा, तपाईको मेहनत हाम्रो लगानी, नगर प्रमुख विशेष कार्यक्रम र खाद्यान्न वालिको उन्नत विउ उपयोग मुल्य अनुदान कार्यक्रम समेतमा रु ६३ लाख ६० अवण्डा विनियोजन गरेको देखियो । सभामा कार्यक्रम तथा बजेट पेश गरी स्वीकृत गराई खर्च गर्नुपर्नेमा सो नगरी खर्च लेखेकोले यसमा सुधार हुनुपर्दछ । | |
| २०.५ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०७८।३।१० मा नीति कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन पेश गरेको सभाको माईन्युट पेश गरे पनि नगर उपप्रमुखले कति रकमको बजेट पेश गरे आय व्यय अनुमान सहितको बजेट पुस्तिका लेखा परीक्षणमा पेश भएन । नगरसभाले २०७८।३।३१ मा आर्थिक ऐन, विनियोजन ऐन पारित गरेको माईन्युट पेश गरे | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पनि नीति तथा कार्यक्रम पारित गरेको देखिएन । साथै बजेट पारित गरेको मितिले ७ दिनभित्र रकम उल्लेख गरी प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्नेमा ढिला गरी २०७८।६।३० मा रकम उल्लेख नगरी अख्तियारी प्रदान गरेको देखियो । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र पारित वजेट अनुसारकै अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २०.६ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको छैन । नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार तयार गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| २०.७ | | | **रकमान्तर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर सम्बन्धी व्यवस्था रकमान्तर सम्बन्धी विवरण माग भएकोमा लेखापरीक्षणमा पेश भएन । कानून वमोजिम रकमान्तर गर्ने र सो को अद्यावधिक विवरण राख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २०.८ | | | **गत वर्षको दायित्व** – कार्यलयले बजेट तथा कार्यक्रम स्वीकृत गर्दा प्राप्त बजेट सिमाबाट प्रतिवद्धता रकम र भुक्तानी हुन बाँकी सिर्जित दायित्वको लागि पुग्ने रकम छुट्याएर मात्र कार्यक्रमको लागि बजेट स्वीकृत गर्नु पर्दछ । यसवर्ष कार्यालयले बजेट तर्जुमा गर्दा भुक्तानी गर्न वाँकीको कारण उल्लेख नगरी आ व २०७७।७८ मा स्वीकृत भएका योजना तथा कार्यक्रम सम्झौता अवधि भित्र काम नगरी र भुक्तानी दिन वाँकीको यथार्थता यकिन नगरी रु २५९९९९०। गतवर्षको दायित्व भुक्तानी वापत बजेट विनियोजन गरेको छ । तर पालिकाले पेश गरेको भुक्तानी दिन बाँकीको विवरण अनुसार रु ३८६३९८६। को प्रमाणित गरी खर्च लेखेको छ । अधिकाँश योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन भएकोमा सम्झौता अविध भित्र काम नगरी अर्को बर्षको लागि दायित्व सिर्जना गरी काम गराएको उचित नदेखिनुका साथै भुक्तानी दिन वाँकीको यथार्थ रकम र सो को पुष्टयाई वेगर भुक्तानी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| २१ | | | **मौज्दात रकम**<br><br>अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था छ । प्रदेश तथा संघीय सरकारवाट स्थानीय तहलाई प्राप्त हुने अनुदान रकम मध्ये सशर्त, विशेष र समपुरक अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |
| २१.१ | | | **सञ्चित कोष आम्दानी नजनाएको** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ मा सञ्चित कोष रहने र जुनसुकै रकम सञ्चितकोषमा आम्दानी जनाएर खर्च खातामा ट्रान्सफर गरी खर्च गर्न पाईने व्यवस्था छ । कार्यालयले सञ्चित कोषमा आम्दानी बाँध्दा आम्दानी बाँध्न छुट भएको रकम मासिक रुपमा बैक हिसाव मिलान विवरण तयार गरी खाता अद्यावधिक गर्नुपर्नेमा नगरेको तथा राजश्व बाँडफाँड खातामा रु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | ८९४००२६।५६ आन्तरिक राजश्व खातामा रु २८७५३०६। र आन्तरीक अनुदान खातामा रु १०९९४३१४। मौज्दातनै राखेकोले सञ्चित कोषमा मौज्दात रहने रकम यकिन गर्न सकिएन । अद्यावधिक हिसाव राख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २१.२ | | | संघीय सरकार हस्तान्तरीत चालुतर्फ भौ.नं. २०८-२०७९।३।२५ बाट ब्रम्हतोला आलु पकेट संचालक समितिको विल भरपाई अनुसार रु. ११,०३,५००। खर्च लेखेकोमा बैंक नगदी किताव अनुसार कर दायित्व रु. २६,०९५। कट्टा गरी खुद खर्च रु. १०,७७,४०५। जनाई ००३३०६५१३१ को चेक कट्टा गरे पनि सटही नभई बैंक मौज्दातनै रहेकोले संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु. | १,०७७,४०५ |
| २१.३ | | | कार्यालयको सुत्र सफ्टवेयरको अनुसूची २७२ अनुसार सघीय सरकार सशर्त विशेष र समपुरक कार्यक्रम तर्फ रु ५,३५,३६,४७७।२७ र प्रदेश सशर्त विशेष र समपुरक कार्यक्रमको रु. १,२१,३३,०००।— समेत रु ६५६६९४७७।२७ स्थानीय सञ्चित कोषमा मौज्दात रहेको देखिएकोले सम्बन्धित सरकारको सञ्चित कोष फिर्ता फिर्ता दाखिला हुनुपर्नेमा लेखापरीक्षणले औंल्याएपछि २०७९।६।४ मा प्रदेश तर्फ पुरै रु १२१३३०००। र संघीय अनुदान रु ५२४५५३२२।३७ समेत रु ६४५८८३२२।३७ फिर्ता गरेको छ । संघ तर्फ फिर्ता गर्न बाँकी रहेको रु. १०,८१,१५४.९० फिर्ता गर्नुपर्ने रु. | १,०८१,१५४.९ |
| २२ | | | **दरवन्दी मिलानः** शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको सङ्ख्या यकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कुनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो पर्न जाने भएकोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी यकिन गर्न सकिएन । | |
| २३ | | | **एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) :** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७८।७९) मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरूलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४००। का दरले, शिक्षण सिकाइ सामग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु. २५०। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी सङ्ख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन । कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम IEMIS डाटालाई विद्यार्थी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हाजिरी पुस्तिका, परीक्षामा सहभागी सङ्ख्या र अनुगमनबाट विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ । | |
| २४ | | | **बिद्यालयगत निकासाः** पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरवन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरू देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । निकासा खाता अध्यावधिक नगरेकोले बिध्यालयमा निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरूको बिद्यालयगत स्थिति स्पष्ट हुन सकेन । बिद्यालयलाई जाने सबै रकमहरू देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ । | |
| २५ | | | **प्राविधिक धारका विद्यार्थीलाई अनुदान**<br><br>शिक्षण सिकाइ सामग्री तथा Lab assistant, equipment and Practical material व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालनको अनुदानको लागि श्री भानोदय माविलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार प्रति विद्यार्थी १५००० का दरले १०३ विद्यार्थीको रु १५४५००० निकासा भएकोमा जम्मा ९९ जना विद्यार्थीहरूको हाजिरी भिडान भएकोले ४ जना विद्यार्थीको बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम रु ६०००० असुल गर्नुपर्ने रु. | ६०,००० |
| २६ | | | **कृषि कार्यक्रम :**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम भुक्तानी दिंदा रीत पुगेको नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन् । | |
| २६.१ | | | **मल ढुवानीः** कार्यालयले गोश्वारा भौचर नं ९।२०७९।०१।०९ मा जनकल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई ३०.६ मेट्रिक टन मल ढुवानी गरेवापत ढुवानी कार्यमा रु १६५२४० ढुवानी अनुदान उपलब्ध गराएकोमा सम्बन्धित सहकारीले कृषकलाई मल बिक्री वितरण गर्दा ढुवानी समावेश नगरेको प्रमाण खर्चसाथ संलग्न भएको देखिएन । मल वितरण गर्दा ढुवानी समावेश नभएको प्रमाण पेस गर्नुपनर्ने रु | १६५,२४० |
| २६.२ | | | कार्यालयले गो.भौ.नं. ६-०७८-१२-१९ बाट स्याउको बगैचा स्थापना कार्यको लागी दिपक बहादुर थापाले बिभिन्न फर्म बाट निर्माण सामाग्री खरिद गरेको बिल संलग्न गरी निजलाई रु. २०००००। भुक्तानी गरेको छ । कार्यक्रममा खरिद गरेका निर्माण सामाग्री प्रयोग भएको प्राबिधिक प्रतिबेदन खर्च साथ संलग्न नगरेकोले सामान प्रयोग भएको प्राबिधिक प्रतिबेदन पेश गर्नुपर्ने रु. | २००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.३ | | | कार्यालयले गोश्वारा भौचर नंबर १०।२०७९।०१।११ मा ५० प्रतिशत अनुदानमा एक घर एक फलफुल कार्यक्रम अन्तर्गत खुस्वु नर्सरीबाट २००० बोट G9 केरा प्रतिबोट रु १३५ का दरले रु २७०००० को खरिद गरी रु १३५००० सम्बन्धित फर्मलाई रकम भुक्तानी नगरी दिपक बहादुर थापालाई भुक्तानी गरेको छ । केराका विरुवा कसलाई, कति परिमाण, कसरी वितरण गर्ने उल्लेख नगरी नगरपालिका कर्मचारी देखि जनप्रतिनिधि समेतलाई आफूखुसी वितरण गरेको समेत देखिएकोले कार्यक्रमको उद्देश्यअनुसार कार्य भएको र सोही सङ्ख्यामा विरुवा खरिद भई रोपण भएको छ भन्न सक्ने अवस्था समेत देखिएन । खरिद भएका विरुवा रोपण भएको अनुगमन प्रतिवेदन, वास्तविक कृषकले लाभ प्राप्त गरे नगरेको यकिन गर्नुपर्ने देखिएको रु | १३५,००० |
| २७ | | | **भ्याक्सिन खरिद :**<br><br>कार्यालयले गोश्वारा भौचर नंबर १०।२०७८।११।२५ मा प्रेमराज जोशीलाई भ्याक्सिन खरिद कार्य वापत प्राप्ती भेट सेवाको विल नंबर ४९९।२०७८।०८।२५ बाट रु २९४३२७।८५ को भुक्तानी गरेको छ । खरिदको भुक्तानी गर्दा सम्बन्धित फर्मलाई भुक्तानी नगरी रु २९९००० खर्च लेखेकोले बढी खर्च रु ४६७२ र अग्रिमकर वापत १.५ प्रतिशत ले रु ४४१५ समेत रु ९०८७ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ९,०८७ |
| २८ | | | **पशु औषधी खरिद तथा ढुवानी :**<br><br>कार्यालयले गोश्वारा भौचर नं १९।२०७९।०१।१५ बाट सिलबन्दीको माध्यमबाट पशु औषधी खरिद तथा ढुवानी गरी प्राप्ती भेट सेवालाई रु ७४९१७४ खर्च लेखेकोमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन् । | |
| २८.१ | | | **औषधीको प्रयोग** : कार्यालयबाट खरिद भएका औषधी सही प्रयोग भएको सुनिश्चित हुनुपर्दछ । कार्यालयले विभिन्न ७२ आइटमका पशु औषधी तथा सर्जिकल सामान खरिद गरी कार्यालयको जिन्सी खातामा आम्दानी गरिसकेपछि निकासा तथा खर्च भएबमोजिम खर्च घटाउँदै जानुपर्नेमा एकमुष्ठ प्रेमराज जैशीको नाममा औषधी तथा सर्जिकल सामान जिन्सीबाट खर्च जनाएकोले औषधीको सही प्रयोग भएको छ भन्न सक्ने अवस्था रहेन । कार्यालयले औषधी सही प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ । | |
| २८.२ | | | **ढुवानी** : फर्मसँग भएको सम्झौताको बुँदा नंबर २ मा औषधी नगरपालिकाको स्टोरसँग सुरक्षितसाथ तोकिएको परिमाणमा दाखिला गराउने जिम्मा सम्बन्धित फर्मकै हुने उल्लेख भएको देखिन्छ । कार्यालयले उल्लेखित सम्झौता अनुसार नगरी गोश्वारा भौचर नं २०।२०७९।०१।१५ बाट औषधी ढुवानी गरेको जनाई योगराज न्यौपानेलाई रु २८००० खर्च लेखेकोले ढुवानीावपतको रकम सम्बन्धित फर्मबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | २८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **निशुल्क पशु स्वास्थ्य शिविर :** कार्यालय गोश्वारा भौचर नंबर २७।२०७९।०३।२५ मा ना.प्रा.स. हरि रावललाई निशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गर्न रु २००००० पेस्की उपलब्ध गराएको रकम फर्स्योट गर्दा वहाल कर रु १५०० र अग्रिमकर रु २७८६ समेत रु ४२८६ कट्टी गरेको रकम दाखिला नभएकोले सम्बन्धितबाट असुल गर्नुपनर्ने शिविर सञ्चालन गर्दा थापा एग्रोभेट सेन्टरबाट रु १६८२०० को पशु औषधी खरिद गरेको बिल संलग्न भएकोमा प्रयोग विवरण नभएको तथा खर्चको साथ संलग्न कागजातमा कार्यक्रम कहिले, कहाँ, कसरी सञ्चालन भयो सो समेत नखुलेकोले कट्टी गरी दाखिला नभएको रु ४२८६ असुल गरी खर्चको वास्तविकता यकिन गर्नुपर्ने रु. | २००,००० |
| ३० | | | **धरौटी :** | |
| ३०.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७० अनुसार कार्यालयले धरौटी कारोवारको श्रेस्ता र बैङ्कमा बाँकी रहेको रकम मासिक रूपमा भिडाई हिसाब मिलान गर्नु पर्दछ । कार्यालयको अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनअनुसार धरौटी मौज्दात रु १,२२,०२,६३२ रहेकोमा श्रेस्ताअनुसार यस वर्षको धरौटी आम्दानी रु ३३,३१,४८५।४३, खर्च ६१,६२,०३२ र बैङ्कअनुसार मौज्दात रु ६४,८५,४७१ रहेको विवरण पेस भएको छ । धरौटी मौज्दात जम्मा रु ९३,७२,०८५ देखिनुपर्नेमा बैङ्कअनुसार घटी मौज्दात रहेको देखिएकोले धरौटी कारोबारको यथार्थ विवरण यकिन गरी फरक परेको रकम सम्बन्धमा यकिन गर्नुपर्ने रु | २,८८६,४१४ |
| ३०.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) अनुसार धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको निवेदन, धरौटी जम्मा गरेको प्रमाण र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेस गरेको प्रमाण कागजात पेस गरेपछि भुक्तानी दिनुपर्दछ । ठेक्का नं. BM/Bajura/NCB/05/077/78 को निर्माण व्यवसायी संस्कार निर्माण सेवालाई बेतालमाण्डौ शारदा त्रिशक्ति जुवापानी रोड मेन्टेनेन्स वापत कट्टी गरेको धरौटी गोश्वारा भौचर नं. १९७।०३-१६ बाट फिर्ता दिएकोमा कर समायोजन गरेको प्रमाण संलग्न गरेको पाइएन । नियममा भएको व्यवस्थाअनुसार कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु. | १००,००० |
| ३१ | | | **मूल्य अभिवृद्धि कर भुक्तानी** : मूल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा मूल्यअभिवृद्धि करमा दर्ता नभएको व्यक्तिले बीजक जारी गरी कर उठाउन नहुने र त्यसरी कर उठाएमा उठाएको कर निजबाट असुल उपर गरिनेछ भन्ने व्यवस्था छ । कार्यालयले प्रेमराज जैशीलाई पशुजन्य औषधी खरिद गर्न रु १००००० पेस्की दिएकोमा प्राप्ति भेटसेवाबाट मूल्यअभिवृद्धि कर रु ९२०४ समेत रु ८०,००४ को पशुजन्य औषधी खरिद गरेको बीजक संलग्न राखी खर्च लेखेको छ । उक्त फर्म मूल्यअभिवृद्धि करमा दर्ता नभएकोले मूल्यअभिवृद्धि करवापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ९,२०४ |
| ३२ | | | **खर्चको प्रमाण:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) र (८) बमोजिम कुनै तालिम, सेमिनार, गोष्ठी कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने र त्यसरी सञ्चालित कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विववरण तथा विल, भरपाइसहित | १,४१०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिहरूको सङ्ख्या र उपस्थितिसमेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । यस पालिकाले स्वास्थ्य तर्फका गोष्ठी सेमिनार लगायतका बिभिन्न कार्यक्रममा गो भौ नं १०४ र १०५ बाट रु.१४१००००। विष्णु प्र. जोशी लाई एक मुष्ट पेश्की दिई खर्च गरेकोमा उल्लेखित नियमानुसारको लागत अनुमान स्वीकृत नगराई प्रशिक्षक भत्ता, सहभागी भत्ता तथा अन्य सामग्री खरिदमा नर्म्सभन्दा बढी दरमा खर्च गरेको समेत देखिएकोले खर्च सम्बन्धमा बास्तबिकता एकिन गर्न सकिएन । कार्यक्रम संचालन तथा नर्म्स अनुसारको रकम खर्च भए नभएको एकिन गरी पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>तलवी प्रतिवेदनः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलबी प्रतिवेदन सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ । पालिकाले स्वास्थ्यतर्फका कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले ग्रेड रकम भिडान गर्न सकिएन । नियमको पालना गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>वार्षिक समीक्षा गोष्ठी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) ) अनुसार कारोबारको खर्च बमोजिमको आवश्यक बिल, भरपाई र अन्य कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । कार्यालयले गोश्वारा भौचर नं ५५।०७८।१२।१५ बाट दिपक बहादुर शाहको नाममा रु ७६,७५७ खर्च लेखेको छ । उक्त रकमबाट शाहले स्वास्थ्यसम्बन्धी वार्षिक समीक्षा गोष्ठी गरेको कार्यक्रमको बिलभरपाई समावेश गरेकोमा सहभागी भत्ता र यातायात खर्चवापत रु ६०,२५७ को भरपाइ पेस गरेकोमा लेखापरीक्षणको क्रममा जोडजम्मा गर्दा जम्मा रु ४७,२३० मात्र पुगेकोले रु १३,०२७ घटी भएको रकम र कर कट्टी गरी दाखिला नगरेको रु ८,१२२ समेत रु. २११४९ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>२१,१४९</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>अनुदान फिर्ता : सङ्घीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधिबमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा सङ्घीय सशर्त अनुदानबाट स्वास्थ्यतर्फका निम्न कार्यक्रममा प्राप्त बजेट खर्च नभई बाँकी रकम स्थानीय खर्च खातामा आम्दानी बाँधेकोले तर बैंक नगदी किताबमा खर्च जनाएकोले रु. १,१६,६०० सङ्घीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं</th><th>मिति</th><th>कार्यक्रम</th><th>फिर्ता रकम</th><th>कैफियत</th></tr>
<tr><td>२१३</td><td>२०७९।०३।२५</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>८८०००</td><td>सेलापाखा सहरी स्वास्थ्य सं</td></tr>
</table></td><td>११६,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२१६</td><td>२०७९।०३।२५</td><td>आमा सुरक्षा कार्यक्रम</td><td>२८६००</td><td>पदम बहादुर भण्डारी</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>११६६००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>भ्रमण खर्च: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) ) अनुसार कारोबारको खर्च बमोजिमको आवश्यक बिल, भरपाई र अन्य कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। गोश्वारा भौचर नं १६।०७८।१२।१९ मा दिपक बहादुर शाहको दैनिक भ्रमण खर्चको बिल समावेश गरी दल बहादुर कटुवाललाई रु. १८,२०० भुक्तान गरेको छ । यस्तो खर्चमा नियन्त्रण गरी असम्बन्धित व्यक्तिलाई भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>१८,२००</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>अघिल्लो आर्थिक वर्षको भुक्तानी; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १३, १४ र १५ बमोजिम अघिल्लो आर्थिक वर्षमा तोकिएका शीर्षकको भुक्तानी उचित आधार र पर्याप्त कारणसहित यस बर्षमा खर्च लेख्नु परेमा स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गराई राख्नु पर्ने र त्यसलाई आर्थिक विवरणका साथ सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था छ । यस पालिकाले कोभिड अस्पतालमा कार्यरत कर्मचारीहरूको अघिल्लो आर्थिक वर्षको तलब भत्तावापत रु ७,११,६२० खर्च लेखेकोमा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरेको पाइएन । नियममा भएको व्यवस्था पालना नगरी लेखेको खर्च अनियमित भएको रु.</td><td>७११,६२०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन-कार्यालयले प्राप्त गर्ने र भुक्तानी गर्ने रकम सुत्र प्रणालीमा प्रबिष्ट गरेर मात्र कारोबार गर्नुपर्दछ । मिति २०७८।१०।०८ राति २०:०० बजे पालिकाको जेसिबि चलाउने क्रममा अनियन्त्रित भई पल्टेर वडा नं. ४ बनेगाउँ बस्ने बल बहादुर खत्रीको घर भत्केकोले क्षतिपूर्ति वापत घर निर्माण कार्यसम्पन्नको आधारमा रकम सुत्र प्रणाली बाहिर खर्च लेखेको उचित नदेखिएको रु.</td><td>५९६,४७३</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>प्र.अ.भत्ता - नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन गर्न श्री भानोदय मा वि लाई गोश्वारा भौचर नं. २०५।०३।२५ बाट रु ५० लाख निकासा भएको छ । सो रकमबाट विद्यायलयका प्र.अ. मनविर खातीलाई रु २,००,००० प्र.अ. भत्ता कर कट्टी नगरी पुरै रकम भुक्तानी गरेको छ । प्र.अ. मनविर खातीलाई भुक्तानी भएको सो रकममा नियमानुसार १५% ले रु. ३००००। कर कट्टी नगरी पुरै रकम भुक्तानी गरेको देखिएकोले कर रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>३०,०००</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कट्टी रकमः बिद्यालयहरूले त्रैमाशिक निकासा माग फाराम पेश गर्दा अघिल्लो त्रैमासिकको तलब भत्ता वितरणको हाजिरी विवरण, कट्टी भएको सा.सु.कर, पारिश्रमिक कर, ना.ल.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने ब्यवस्था छ । बिद्यालयहरूले त्रैमाशिक</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निकासा माग फाराम पेश गर्दा शिक्षकहरूको अघिल्लो त्रैमासिकको हाजिरी विवरण, तलब भत्ता वितरण गर्दा कट्टी भएको सा.सु. कर, पारिश्रमिक कर, ना.ल. कोष कट्टी, क.सं.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने बिश्वस्त आधार भएन । उल्लेखित कमजोरी समयमै सुधार हुनुपर्दछ । | |
| ४१ | | | **बितरणमुखी कार्यक्रम -** | |
| ४१.१ | | | **मोबाइल खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले भौ.नं. २२६ मिति २०७९/१/११ दिप अण्डर सप्लायर धनगढीबाट १ थान मोबाइल खरिदमा रु ६००००.०० खर्च लेखेको छ । उक्त खरिद गरिएको मोबाइलको स्पेशिफिकेसन नखुलाएको, बिक्रेताले पनि बिजकमा मोबाइल मात्र लेखी प्रकार नखुलाएको र मोबाइल प्राप्त भएपछी माग अनुरुप आए नआएको एकिन नगरेको साथै जिन्सी खातामा समेत स्पेशिफिकेसन नखुलाएको र कमजोर आन्तरिक आय भएको पालिकाले आवश्यकता भन्दा बढी महँगो मोबाइल खरिद गरी मितव्ययिता कायम गर्ने प्रयास समेत नगरी र मोबाइल खरिद गरी उपलब्ध गराउने आधार बेगर खर्च लेखेको देखियो । मितव्ययिता कायम गर्ने गरि खर्च लेख्न पाउने आधार सहित खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ। | |
| ४१.२ | | | **बाख्रा वितरणः** ३३९।२०७९।३।१९ अति विपन्न,एकल महिला, लैङ्गिक हिंसा पिडित, द्वन्द पिडित, कोरोना प्रभावित महिला व्यवसायिक सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी संचालन खर्च शिर्षक अन्तर्गत विपन्न महिला लक्षित आय आर्जन कार्यक्रममा रु. ३०००००। बजेट विनियोजन गरी सबै रकम विभिन्न वडाका महिला समूह मार्फत बाख्रा खरिद गरी वितरण गरेको छ । उक्त कार्यक्रमबाट २० वटा बाख्रा खरिद गरी शत प्रतिशत अनुदान दिएको छ । स्थानीय गाउँघरमा विगत देखि पालन पोषण भईरहेकाहरुनै खरिद गरेको र प्रत्येक व्यक्तिलाई १/१ वटा बाख्रा वितरण गरेको पाइयो । पालिकाले व्यवसायीक रुपमा बाख्रा पालन गर्न चाहाने व्यक्ति/फर्मलाई उन्नत जातका बाख्रा सहयोग गर्नुपर्नेमा स्थानीय स्तरमा रहेका बाख्रा खरिद स्थानीय समुदायलाई १/१ वटा वितरण गर्नुको औचित्य देखिएन । यस्तो वितरणमुखि कार्यक्रममा नियन्त्रण हुनुपर्ने देखिएको छ । साथै सम्बन्धीत खर्च शीर्षकमा बजेट विनियोजन गरी खर्च गर्नु पर्दछ । | |
| ४१.३ | | | **बितरणमुखी कार्यक्रमः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उल्लिखित व्यवस्था अनुरुप योजना तयार नगरी निम्नानुसार अनुउत्पादक तथा बितरणमुखी कार्यक्रममा समेत खर्च गर्ने गरेको देखियो । साथै समानहरु खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुरुप लागत अनुमान समेत तयार नगरी खरिद गरेको देखिन्छ । यसरी पट्के निर्णयको आधारमा र खास प्रतिफल प्राप्त नहुने कार्यक्रममा खर्च गर्ने र खरिद गर्दा सार्वजनिक खरिद नियमावलीले तोकेको प्रक्रिया समेत पुरा नगर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ नं मिति</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>३८२-०७९/३/२५</td><td>छाता फोल्ड</td><td>४५२०००.००</td></tr>
<tr><td>१० वडामा मेला व्यवस्थापन</td><td>विभिन्न मेला उत्सवमा विभिन्न सामाग्री वितरण</td><td>४०००००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
भ्रमण अभिलेख एवं प्रतिबेदन -<br><br>
भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु. ३०60४0५.00 खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्यॉंकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको उचित देखिएन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा -</td><td></td></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>
नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु. ५३०६५००।० सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>विवरण</th><th>प्रमुख</th><th>उपप्रमुख</th><th>वडाअध्यक्ष...१० जना</th><th>कार्यपालिका सदस्य २०</th><th>सभाका सदस्य५९</th><th>जम्मा</th></tr>
<tr><td>बैठक भत्ता</td><td>१२०००</td><td>१२०००</td><td>८४०००</td><td>८४०००</td><td>४८००००</td><td>६७२०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| यातायात खर्च | ० | १२०००० | ० | ० | ० | १२०००० |
| टेलिफोन,मोबाइल | ८४००० | ७२००० | ३३६००० | २९४००० | ० | ७८६००० |
| पुस्तक,पत्रीका, ईन्टरनेट | ७८००० | ६०००० | ३३६००० | २९४००० | ० | ७८६००० |
| समन्वय तथा सहजीकरण | १२०००० | १०८००० | ५४६००० | ५०४००० | ० | १२७८००० |
| अतिथि सत्कार | १३२००० | १२०००० | ६७२००० | ० | ० | ९२४००० |
| खानेपानी/बिजुली/ सरसफाई | ४८००० | ४२००० | २१०००० | २१०००० | ० | ५१०००० |
| चाडपर्व खर्च | २७५०० | २५००० | १२६००० | ७०००० | ० | २४८५०० |
| जम्मा | ५०१५०० | ५५९००० | २४१०००० | १४५६००० | ४८०००० | ५३०६५००।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.२ | | | **वडा कार्यालयबाट भएको खर्च**- सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएका शीर्षकमा सूविधा पाउने व्यबस्था छ । नगरपालिकाले सञ्चार,इन्धन,अतिथि सत्कार तथा विविध खर्च लेखेकोमा वडा कार्यालयले पनि सोहि प्रकारको शिर्षकमा खर्च लेखेकोले निम्नानुसार वडा कार्यालयवाट भएको खर्च दोहोरो नपरेको यकिन हुनुपर्दछ । | |

| वडा नं. | खर्च शीर्षक | | | जम्मा रकम |
|---|---|---|---|---|
| | सञ्चार | ईन्धन | अतिथि सत्कार तथा विविध | |
| १ | ५०००० | ४५००० | ६०००० | १५५००० |
| २ | २०००० | 0 | २५००० | ४५००० |
| ३ | १०००० | 0 | २५००० | ३५००० |
| ४ | ४३००० | ४३००० | ६०००० | १४६००० |
| ५ | ५०००० | ४५००० | ६०००० | १५५००० |
| ६ | २५००० | ४२००० | ५९००० | १२६००० |
| ७ | २०००० | २०००० | ३०००० | ७०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>५००००</td><td>४५०००</td><td>५९०००</td><td>१२९०००</td></tr>
<tr><td>९</td><td>५००००</td><td>४४०००</td><td>२००००</td><td>११४०००</td></tr>
<tr><td>१०</td><td>५००००</td><td>४५०००</td><td>५९०००</td><td>१५४000</td></tr>
<tr><td>जम्मा</td><td>३६८०००</td><td>३२९०००</td><td>४५७०००</td><td>११५४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>कार्यालय सम्बन्धि खर्च -</td><td></td></tr>
<tr><td>४४.१</td><td></td><td></td><td>कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामानमा रु. १६,७४,९१६.०० खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिनु जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>१८२।२०७८।१२।१५ नि प्र प्र अ श्री कल्पना कुमारी ठकुल्लाले आफ्नो निजी प्रयोजनका लागि प्रयोगमा आउने दाल चामल तरकारी ग्यास लगायत किचन सामाग्री खरिदको रु ४०६५०।०० भुक्तानी दिएको देखिएकोले पालिकाको बजेटबाट व्यक्तिगत प्रयोजनका सामानमा खर्च गर्नु नियम सम्मत नदेखिएकले असुल गर्नुपर्ने रु</td><td>४०,६५०</td></tr>
<tr><td>४४.३</td><td></td><td></td><td>सवारी साधन भाडाः सार्वजनिक खरिद नियमावली, २०६४ भै नियम १३ बमोजिम अन्य सेवामा लागत अनुमान नियम ९ को अधिनमा रहि मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१घ) मा पटक पटक सिमाभन्दा वढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाउने,२० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण</td><td>९४४,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा शिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यावस्था छ । कार्यालयले उल्लेखित नियमको पालना नगरी रु ९,४४,४००। सवारी भाडा खर्च लेखेको नियमित नदेखिएको रु | |
| ४४.४ | | | **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु १०,९९,९९८.00 खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । | |
| ४४.५ | | | **इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन पदाधिकारी रु ४५१५९७.०० र इन्धन कार्यालय प्रयोजन रु ११२१७६८.०० समेत रु. १५७३३६५.०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ४५ | | | **सवारी कर -** | |
| ४५.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७7।७8 मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ४५.२ | | | **सवारी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष कुनै पनि रकम उठाएको देखिएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **नदिजन्य पदार्थको ठेक्का -**<br><br>नगरपालिकाको आर्थिक बर्ष २०७८।७९ को आम्दानी रु.१३०३५८६। रहेको छ । आन्तरिक आम्दानीको तुलनामा नगरपालिकाको चालु खर्च तथा पदाधिकारीहरुको खर्च बृद्धि भै रहेको छ ।नगरपालिकाको कार्य क्षेत्र रहेको बुढीगंगा नदीबाट प्राप्त हुने नदिजन्य पदार्थ ढुङ्गा गिट्टि बालुवाको EIA तथा IEE गरी बार्षिक रुपमा प्राप्त हुन सक्ने परिमाण एकिन गरी ठेक्का पट्टाको माध्यमबाट रकम प्राप्त गरी आय श्रोत बढाउन सकिने अवस्था रहेको छ । सो नदीबाट प्राप्त हुने नदि जन्य पदार्थको समयमा नै ठेक्का पट्टा गरी आय श्रोत प्राप्त गर्ने तर्फ नगरपालिकाको ध्यान जानु जरुरी देखिन्छ । | |
| ४७ | | | **राजश्व अभिलेख -**<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| ४८ | | | **कर दस्तुर एवं आन्तरिक आय -** | |
| ४८.१ | | | आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८-०७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४९७०५८१० | १३०३५८६ | ०.२९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.२९ प्रतिशत मात्र रहेको छ । पालिकाले यो बर्ष कुल रु ५४२५०००.०० आन्तरिक आय हुने अनुमान गरेकोमा कुल रु १३०३५८६.०० आय प्राप्त भएको देखिन्छ। पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरणमा एकमुष्ठ आय जनाएको तर कुन शिर्षकमा के कती आम्दानी भयो भनी नखुलाएकोले शिर्षकगत आय सम्बन्धमा बिष्लेषण गर्न सकिएन । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४८.२ | | | **घटी आम्दानी** - राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने म.ले.प.फा.न २०५, १०८ जस्ता खाता राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिद वाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ । जसवाट दाखिला राजश्व खातामा भिडान गर्न सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।<br>राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने म.ले.प.फा.न २०५, १०८ जस्ता खाता राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिद वाट सिधै वैङ्क दाखिला गर्ने तथा कतिपय बैक दाखिला गरे पनि भौचर उठाई खाता प्रविष्ट नगर्नाले आन्तरिक आय खाता अनुसार रु १३०३५८६ आम्दानी जनाएकोमा वैंक स्टेटमेन्ट अनुसार रु ३२१८३०६।०० मौज्दात देखिएकोले फरक मौज्दात रु १९१५३०६।०० एकिन गरी आम्दानी जनाउनु पर्ने देखिएको रु. | १,९१५,३०६ |
| ४८.३ | | | **आय उपकरण परिचालन**: पालिकामा निम्नानुसार उपकरण रहेको र उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ति उपकरण उपयोग आय र परिचालनको लगसिट लगानी र आय विष्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन । उपकरणहरु नगरपालिकाका प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरुको मौखिक निर्देशनमा परिचालन हुने जनाएको छ । नगरपालिकाको उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ । | |

| सि.नं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | जे.सि.वि. मेशिन | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने |
| २ | ट्रिपर | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने |
| ३ | एम्वुलेन्स | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने |
| ४ | टयाक्टर | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने | नखुल्ने |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.४ | | | **रसिद नियन्त्रण खाता नरहेको -** नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ ।गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा नगरपालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण एकिन हुन सकेन । नगर पालिकाले यो बर्ष प्राप्त भएको आम्दानी रु.१३०३५८६। को हकमा सवै नगदी रसिद संकलन गरी वास्तविक आय एकिन गर्नुपर्ने देखिन्छ । | |
| ४८.५ | | | **ट्रिपर भाडा -** पालिकाले पेश गरेको ट्रिपर भाडा सम्झौता अनुसार २०७८ फाल्गुन १ देखि २०७९ आषाढ मासान्त सम्म विभिन्न व्यक्ति तथा पार्टीसंग रु २८४०००।०० मा सम्झौता गरी रु २१०४००।०० विभिन्न मितिमा बैंक दाखिला गरेता पनि श्रेष्तामा आम्दानी नदेखाएको र घटी दाखिला गरेको तथा २०७८ श्रावन देखि २०७८ माघ सम्म ट्रिपर सञ्चालन भएको कागजात समेत पेश नभएकोले ट्रिपर आय कार्यालय स्वयंले यकिन गरि राजश्व दाखिला हुनु पर्नाको साथै खाता आम्दानी जनाउनु पर्ने रु | २१०,४०० |
| ४८.६ | | | **व्यवसाय कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४९ | | | **ठे.नं ०१-०७७।७८ धुरालसैन मावि भवन निर्माण**<br><br>लागत अनुमान रु १९४८४११९।१६ रहेको धुरालसैन मावि भवन समारिका कन्स्ट्रक्सनले कवोल गरेको रु. ११३६२६५०।०८ मा २०७९।१।३० भित्र सम्पन्न गर्ने गरी मिति २०७७।११।१७ मा सम्झौता भएको र कार्यसम्पन्न प्रतिवेदन अनुसार रु १०७७५०४१। बरावरको काम सम्पन्न भई दोस्रो विलबाट ४७८९९६६।८२ भुक्तानी भएको ठेक्का सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |
| ४९.१ | | | **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० ४ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । उल्लेखिन निर्माण कार्यको सम्पन्न गर्ने म्याद २०७९।१।३० सम्म रहेकोमा नेपाल वंगलादेश वैंकको कार्यसम्पादन जमानत NB:014:PB-189/2021 रु | ३,१६७,६५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३१६७६५५। को म्याद २०७८।११।१७ सम्म रहेकोले त्रुटी सच्याउने अवधि २०८०।२।३० सम्म मान्य अवधि रहेको जमानत पेश गर्नु पर्ने रु. | |
| ४९.२ | | | **विल भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (१) ख मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्ययवस्था छ । दोस्रो रनिङ विलसम्मको भुक्तानी दिंदा प्राविधिक मूल्यांँकन अनुसार रु ४७८९९६६।८२ बरावरको कार्यभएकोका भुक्तानी दिंदा गतवर्षको पेश्की म्यानुअल गोश्वार भौचर उठाई रु १६०००००। फछ्र्यौट गरेकोमा बैंक नगदी कितावमा नचढाई भौ नं २१-२०७९।३।११ बाट रु ३४९६७५८। समेत रु ५०९६७५८। खर्च लेखेको छ । प्राविधिक मूल्यांँकन भन्दा रु ३०६७९१। बढी भुक्तानी दिएकोमा कारण उल्लेख गरेको छैन । बढी भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने देखिएको रु. | ३०६,७९१ |
| ४९.३ | | | **प्रोभिजनल सम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने र ऐनको दफा ६३ (१) को खण्ड (ग) र सो को नियमावलीको नियम १११(१) को खण्ड (ङ) मा निर्माण कार्यको गुणस्तर परीक्षण र नियन्त्रणको व्यवस्था छ । सम्झौताको विल अफ क्वाण्टिटिको प्रोभिजनल सम आईटममा विमा वापत रु ६७५००। र गुणस्तर परीक्षण वापत रु ३००००। राखकोमा विमा नगरेको तथा तथा गुणस्तर परीक्षणमा एक पटक क्युव टेष्ट गरी १०५००। को नगदी विल राखेको र १९५००। गाडी भाडा भुक्तानी गरेको देखियो । गुणस्तर सम्बन्धी कार्यको लागि व्यवस्था भएको रकमवाट गाडी भाडा भुक्तानी गरेको उपयुक्त नदेखिएकोले असूल गरी राजश्व दाखिला हुनुपर्ने रु | १९,५०० |
| ५० | | | **चौडिक माल्टा सरेदेउ सडक निर्माण कार्य ;**<br><br>कार्यालयले ठेक्का नम्बर ०२।२०७८।७९ मा चौडिक माल्टा सरेदेउ सडक निर्माण कार्य गर्नका लागि बोलपत्र आव्हान गरी बेतालमाण्डौ निर्माण सेवाले सबैभन्दा रु ५२८६९१५।६१ कम कबोल गरी गोश्वारा भौचर नं २१५।२०७९।०१।१४ बाट रु ५१७०८७७ भुक्तानी भएको सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन् | |
| ५०.१ | | | **घटी योगदानः** सूदुरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ मा समपुरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागतमध्ये चालीस प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानीय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ। उल्लेखित व्यवस्थाअनुसार चौडिक माल्टा सरेदेउ सडक निर्माण कार्यमा खुद काम रु ५१७०८७७। भएकोमा प्रदेश सरकाबाट प्राप्त बजेटबाट रु २०६८३५० खर्च लेख्नुपर्नेमा विनियोजित बजेट रु ५०००००० नै खर्च लेखेकोले कार्यविधिभन्दा बढी खर्च लेखेको रु २९३१६४९ प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको रु. | २,९३१,६४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५०.२ | | | **पि.सि.सि. कार्यमा बढी भुक्तानी** : निर्माण कार्यको कम्पोनेन्ट नंबर ७ मा Reinforced cement concrete for R.C.C (1:1.5:3) in superstructure कार्यमा प्राविधिक विल अनुसार ३०० मिटर ढलान गरेको उल्लेख भई २८६।४४ घ.मि. मापन भएकोमा नापी किताबमा Soling for R.C.C २८१ मिटर मात्र भएको देखिएकोले १९ मिटरको औषत ५.५ मिटर चौडाइ र ०.२ मिटर उचाइ लिँदा २०.०९ घ.मि. बढी मूल्याङ्कन भएकोले R.C.C. work को प्रति घनमिटर कबोल अङ्क रु ७११९। का दरले रु १४८७८७। बढी भुक्तानी भएको छ । कामभन्दा बढी नापी गर्ने प्राविधिकलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम सम्बन्धित फर्मबाट असुल गरी प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने रु... | १४८,७८७ |
| ५०.३ | | | **बढी भुक्तानी** : उल्लेखित कार्यमा ढलान कार्य २८१ मिटर भएकोमा प्राविधिकले तयार गरेको नापी किताबमा ३१६ मिटर उल्लेख भएकोले ३५ मिटर बढीको २ मिटर लम्बाइ र ०.२ मिटर उचाइले गुणन गर्दा १४ वर्गमिटर Formwork मा बढी मूल्याङ्कन हुन गई फर्मलाई प्रति वर्गमिटर रु १६९।५ का दरले रु २३७३ बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम प्राविधिकलाई जिम्मेवार बनाई असुल गरी प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने रु... | २,३७३ |
| ५०.४ | | | **रडमा बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा विल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । प्राविधिकबाट तयार भएको नापी किताबमा TMT Bar sheet मा रहेको गणनाको गुणन नमिलेको, २८१ मिटर R.C.C. work भएकोमा ३१६ मिटर उल्लेख भएकोले निम्नानुसार प्राविधिक बिल र वास्तविक रडको प्रयोग फरक परी ३८००।८६ केजि रडको प्रति केजि रु १०७।३५ का दरले रु ४०८०२0 बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु... | ४०८,०२० |

| RCC Reinforcement works | प्राविधिकबाट तयार विल | | | | वास्तविक कार्यसम्पादनको आधारमा हुनुपर्ने बिल | | | |
|---|---|---|---|---|---|---|---|---|
| for RCC rigid pavement at bottom (16 mm dia @ 200 mm c/c) | No | L | H | Qty (Kg) | No | L | H | Qty (Kg) |
| Main Bar (16 mm) | ३० | ३१६ | १.५८ | १४९५५.०४ | ३० | २८१ | १.५८ | १३३१९.४ |
| Sides (20 mm) | ३३ | १२ | २.५ | ९९० | ३३ | १२ | २.४६ | ९७४.१७ |
| Approach | ३३ | ६ | ०.७५ | १४६४.१५ | ३३ | ७ | ०.७५ | १४८.५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Distribution bars (12 mm) | १५८० | ५.५ | ०.८९ | ७७११.१९ | १४०५ | ५.५ | ०.८९ | ६८७७.४७ |
| | | | जम्मा | २५१२०.३८ | | | | २१३१९.५४ |
| | | | फरक | ३८००।८४ | | | | |
| | | | दर | १०७।३५ | | | | |
| | | | बढी भुक्तानी | ४०८०२० | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५०.५ | | | **प्रोभिजनल सम** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम भुक्तानी दिँदा रीत पुगेको नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी प्रोभिजनल सममा ल्याव टेस्ट कार्य गरेवापत रु ३०००० भुक्तानी गरेकोमा मूल्यअभिवृद्धि कर रु ३९०० थप गरी भुक्तानी गरेकोले प्रोभिजनल सममा मूल्यअभिवृद्धि कर दिन नमिल्ने तथा ल्याव टेस्टवापत खर्च लेखेको रकममध्ये गाडी भाडाको बिल रु २०००० उल्लेख भएकोले असम्बन्धित कार्यमा भएको खर्च समेत रु २३९०० सम्बन्धित फर्मबाट असुल गरी प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने रु... | २३,९०० |
| ५१ | | | **प्रशासकीय भवन ;**<br><br>कार्यालयले ठेक्का नंबर BM/NCB/W/09/2077/78 बाट नगरपालिकाको प्रशासकीय भवनको रु १०१८८७७२४।६७ को लागत अनुमान तयार गरी प्राविधिक मूल्याङ्कनमा पास भएको एक मात्र बोलपत्रदाता जाग्रित/एम के/नेपाल जे.भि. ले लागत अनुमानको तुलनामा ३.०५ प्रतिशत कमले रु ९८७७१३६९।६९ कवुल गरी मिति २०७८।०६।२४ गते सम्झौता गरी कार्य प्रारम्भ गरेकोमा निर्माण कार्य सम्बन्धमा देखिएका ब्यहोरहरु निम्नानुसार छनः | |
| ५१.१ | | | **मोविलाइजेसन पेश्की** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ क (१) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता पश्चात पेस्की दिँदा पहिलोपटक स्वीकृत पेस्की रकमको आाधामा नबढ्नेगरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने व्यवस्था छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी चेक नंबर ०३१११५११०३२८ बाट एकमुष्ठ रु १७३००००० को मोविलाइजेसन पेस्की उपलब्ध | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराएको छ । ऐनले पहिलोपटकमा स्वीकृत पेस्की रकमको आधामा नबढ्नेगरी रु ८७४०८२९ मोविलाइजेसन पेस्की उपलब्ध गराउनुपर्नेमा थप रु ८५५९१७१ उपलब्ध गराएकोले कानूनको पालना भएको देखिएन । | |
| ५१.२ | | | **लिफ्ट** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ । कार्यालयले प्रशासकीय भवन निर्माणको लागत अनुमानमा Design, supplying, installation and testing of 8 passenger capacity of lift as per specification को रु ५७५०००० को लागत अनुमान तयार गरी रु ३३९०००० मा उक्त कार्य गर्ने गरी सम्झौता गरेको देखिन्छ । पालिकाको भौगोलिक विकटता, विद्युत पहुँच, पालिकाको आन्तरिक आय लगायत समग्र विषयलाई मध्यनजर गर्दा उक्त लिफ्ट निर्माण भएतापनि तत्काल सञ्चालनमा आउने अवस्था समेत देखिँदैन । कार्यालयले उल्लेखित कानूनी व्यवस्था समेतलाई मध्यनजर गरी तत्काल लिफ्ट खरिद तथा जडान कार्य नगर्दा खर्च प्रभावकारी हुने देखिन्छ । | |
| ५१.३ | | | **ठेक्का प्रतिष्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० बमोजिम बोलपत्रदाता वा प्रस्तावदाताको योग्यता निर्धारण गर्दा कुनै खास वर्गका निर्माण व्यवसायीले मात्र भाग लिन पाउने वा कुनै खास वर्गका निर्माण व्यवसायी मात्र लिन नपाउने व्यवस्था गर्न सकिने छैन भन्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ (२ग) बमोजिम सार्वजनिक निकायले योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधार तय भएको, प्रतिष्पर्धा सीमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिष्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानूनले प्रत्याभुत गरेको संरक्षणको प्रतिकुल नभएको सुनिश्चितता गर्न, पर्नेछ साथै २६ (३) बमोजिम निर्माण व्यवसायीको प्राविधिक क्षमता प्रमाणित गर्ने कागजात माग गर्दा सार्वजनिक निकायले बोलपत्रदाता वा पूर्व योग्यताको प्रस्तावदाताबाट निर्माण कार्यको प्रकृतिअनुसार कागजात माग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्ने कार्यको लागि ठेक्काको सूचना प्रकाशन गरेकोमा कुल लागत अनुमानको तुलनामा ३.०५ प्रतिशत अर्थात् ९८७७१३६९।६९ कबुल गरेका निर्माण व्यवसायी जाग्रित/एम के/नेपाल जे.भि. सँग पालिकाले सम्झौता गरेको छ । मूल्याङ्कन समितिले कुल ४ वटा प्रस्तावमध्ये ३ वटा प्रस्तावलाई Construction experience in key activities मा योग्यता नपुगेको भनी असफल गरेको देखिन्छ । कार्यालयबाट तयार भएको Experience in key activities मा उल्लेखित कानूनी व्यवस्थाको समेत ध्यान दिई निर्माण कार्यसँग मात्र सम्बन्धित आइटम राखी निर्माण व्यवसायीलाई प्रतिष्पर्धा गराउनुपर्नेमा भवन निर्माण भएपश्चात आवश्यक पर्ने निम्न दुई आइटम सामान खरिद तथा जडान कार्यको समेत मूख्य Activities मा राख्दा ३ फर्म प्राविधिक मूल्याङ्कनबाटै बाहिरिएको अवस्थाले समेत खरिद प्रक्रिया प्रतिष्पर्धात्मक भई मितव्ययी भयो भन्ने अवस्था देखिँदैन । कार्यालयबाट तयार भएको Key Activities भवन निर्माणसँग मात्र सम्बन्धित र भवन निर्माणमा नभई नहुने भए नभएको यकिन गरी खरिद प्रक्रिया प्रतिष्पर्धात्मक भई मितव्ययी भएको सुनिश्चितता गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>सि.नं.</td><td>प्राविधिक मूल्याङ्कनमा बाहिरिएका फर्महरूलाई Fail गराउने Key Activities</td><td>उक्त आइटमको लागत अनुमान रकम</td></tr>
<tr><td>१</td><td>Installation of CCTV</td><td>१६७८६५०</td></tr>
<tr><td>२</td><td>16 meter Highmast lightening</td><td>२२४१३००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५१.४</td><td></td><td></td><td>फर्निचर तथा अन्य मेशिनरी औजार सामग्री : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार तोकिएको दर प्रयोग गरी निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भवन निर्माणको लागत अनुमान तयार गर्दा BOQ मा निर्माणसँग सम्बन्धित आइटम मात्र राखी लागत अनुमान तयार गर्नुपर्नेमा निर्माण कार्यबाहेक फर्निचर तथा अन्य मेशिनरी औजार सामग्री खरिद तथा जडान कार्यको समेत रु १३८१६१९५ को लागत अनुमान तयार गरी ठेक्का सम्झौता गरेको देखियो । निर्माण कार्य बाहेक अन्य आइटम फर्निचर तथा अन्य मेशिनरी औजार सामग्रीको लागत अनुमान तयार गर्दा प्रयोग भएको दरविश्लेषणको आधार लागत अनुमानसाथ संलग्न समेत देखिएन । निर्माण कार्यबाहेक सामान खरिद तथा जडान कार्यको खरिद कार्य मितव्ययी भएको छ भन्न सक्ने अवस्था समेत रहेन । कानूनमा उल्लेखित लागत अनुमानको आधार लिई खरिद कार्य मितव्ययी भएको सुनिश्चित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>कार्यक्रम बेगर टुक्रा—टुक्रा पारी खरिद : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (१) मा रु. २० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । सार्वजनिक निकायद्धारा भएको खरिद सम्वन्धी कार्यविधि र प्रक्रिया खुला, पारदर्शी एवम् प्रतिस्पर्धात्मक बनाउन खरिद योजना निर्माण गर्ने र कामको प्याकेज बनाई निर्माण कार्य प्रतिस्पर्धाबाट गर्नुपर्नेमा सो नगरी वडा कार्यालय भवन निर्माण तथा जग्गा प्राप्ती शिर्षकमा विनियोजित बजेट बाट कार्यक्रममा उल्लेख नभएको निम्न अनुसारको कार्य गरी रु. ३८,०६,६०७। खर्च गरेको नियमित नदेखिएको रु.
<table>
<tr><td>भौ नं मिती</td><td>फर्मको नाम</td><td>कामको विवरण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>३०-०७८-८-१८</td><td>हिमाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>मेशिनरी वाल निर्माण</td><td>४५२३७५</td></tr>
</table></td><td>३,८०६,६०७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३१-०७८-८-१८</td><td>ब्रह्म देव निर्माण सेवा</td><td>मेशिनरी वाल निर्माण</td><td>४५०७५०</td></tr>
<tr><td>३२-०७८-८-१८</td><td>भैरब निर्माण सेवा एण्ड अर्डर सप्लायर्स</td><td>मेशिनरी वाल निर्माण</td><td>४५१९६१</td></tr>
<tr><td>१०८-०७९-१-०८</td><td>थापा ब्रदर्श कन्स्ट्रक्सन कम्पनी</td><td>मेशिनरी वाल निर्माण</td><td>४७०३०४</td></tr>
<tr><td>२५८-०७९-३-२०</td><td>आर.एन. निर्माण सेवा</td><td>मेशिनरी वाल निर्माण तथा सडक मर्मत</td><td>९८४३४४</td></tr>
<tr><td>२६५-०७९-३-२१</td><td>आर.एस.कन्स्ट्रक्सन</td><td>रिटेनिङ्ग वाल निर्माण</td><td>९९६८७३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३८०६६०७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>ब्यान्ड तथा जर्तीः सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ वमोजिम प्राबिधिक नाप जाच गरी वास्तबिक कार्य सम्पादनको आधारमा बिल र विजकको भुक्तानी गर्नुपर्ने व्यबस्था छ । कार्यालयबाट निर्माण कार्य भएका देहायवमोजिम कार्यमा प्राबिधिक विलमा Sill band and lintel band for R.c.c कार्यको मापन गरि भुक्तानी दिएकोमा Brick and stone masonry work मा उक्त परिमाण घटाउनु पर्नेमा नघटाएकोले निम्नानुसार रु.७८५३४६। बढि मूल्याङ्कन भएको तथा TMT को दर बिश्लेषण गर्दा रडको परिमाण १।०५ मेट्रिक टन गरी बिश्लेषण गरिसकेको अवस्थामा प्राबिधिकले नापी गर्दा Wastage मा थप परिमाण उल्लेख गरी रु.२२५५०६। थप मूल्याङ्कन गरेको समेत रु. १०१०८५२। बढि मूल्याङ्कन भई भुक्तानी भएकोले प्राबिधिकलाई जिम्मेवार बनाई असुल गरी सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१,०१०,८५२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| भौ.नं.।मिति | फर्मको नाम | विवरण। ठेक्का नम्बर | Sill and lintel band परिमाण | Brick/stone masonry work per cum rate with vat | बढि भुक्तानी | थप गरेको Wastage परिमाण(के.जी) | दर | बढि भुक्तानी | कुल बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| २-०७८-६-२२ | थापा ब्रदर्श कन्ट्रक्सन कम्पनी | १४-०७७-७८ | ९ | ११३०० | १०१७०० | ५५० | ११३ | ६२१५० | १६३८५० |
| ३-०७८-६-२२ | थापा ब्रदर्श कन्ट्रक्सन कम्पनी | १२-०७७-०७८ | ८।५ | ९०४० | ७६८४० | ५२५ | ११३ | ५९३२५ | १३६१६५ |
| १६१-०७९-२-०६ | कुडी आधारभुत बिध्यालय | चार कोठे भवन निर्माण | ५।५८ | ९६४३।१५ | ५३८०९ | ७१।४९ | ११२।०३ | ८००९ | ६१८१८ |
| २१७-०७९-१-०६(न.पा. चालु) | थुमा मा.बि | भवन निर्माण | ४।८६ | ११८९७।७७ | ५७८२४ | - | - | - | ५७८२४ |
| २१८-०७९-३-१२ | लम्पडा निर्माण तथा ढुवानी सेवा | १३-०७७-७८ | ८।८४ | १०७८९।२४ | ८८९०३ | ३१७।७ | १००।५७ | ३१९५१ | १२०८५४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>समिटपिक ईन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>१७-०७७-७८</td><td>४।४५</td><td>१९९२०</td><td>८५४८५</td><td>–</td><td>-</td><td>-</td><td>८५४८५</td></tr>
<tr><td>२९-०७९-३-२५(शसर्त पूजिगत)</td><td>भानोदय नमुना मा.बि</td><td>०१-०७७-७८(बिध्यालय)</td><td>९।८४</td><td>२७५९६</td><td>२७१५४५</td><td>-</td><td>-</td><td>-</td><td>२७१५४५</td></tr>
<tr><td>२१-०७९-३-११(शसर्त पूजिगत)</td><td>समारिका कन्ट्रक्सन</td><td>०१-०७७-७८</td><td>१२।४५</td><td>३९५५</td><td>४९२४०</td><td>५२५</td><td>१२२।०४</td><td>६४०७१</td><td>११३३११</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>७८५३४६</td><td></td><td></td><td>२२५५०६</td><td>१०१०८५२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>कृषक घरगोठ अभियान कार्यक्रम : कार्यालयले गोश्वारा भौचर नं १४।२०७८।१२।२८ मा गोर्ख बहादुर कटुवाललाई रु ३९०००० आन्तरिक तथा वाह्य परजिवी नियन्त्रणका लागि कृषक घरगोठ अभियान कार्यक्रम सञ्चालन गर्न रकम उपलब्ध गराएकोमध्ये नेपाल एग्रो तथा प्राप्ती भेटबाट पशु औषधी रु ३१००२० को खरिद गरेकोमा प्रयोग तथा मौज्दात विवरण खर्च साथ संलग्न भएको देखिएन। खरिद भएका औषधी प्रयोग तथा मौज्दात यकिन गरी पेस गर्नुपर्ने रु</td><td>३१०,०२०</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>भ्याक्सिन खरिद : कार्यालयले गो.भौ.नं./मिति २६।२०७९।०३।२५ बाट रु ४१०००० र गो.भौ.नं./मिति १०।२०७८।११।२५ बाट रु २९९००० समेत रु ७०९००० को भ्याक्सिन भेटेनरी अधिकृत प्रेमराज जैशीलाई खरिद गर्न उपलब्ध गराई प्राप्ति भेट सेवाबाट सोझै लागत अनुमान समेत स्वीकृत नगरी सम्बन्धित फर्मलाई रकम बुझाएको भरपाई खर्चसाथ संलग्न नगरी खर्च लेखेको छ। खरिद भएका भ्याक्सिन प्रयोग तथा मौज्दात वितरण समेत लेखापरीक्षणको लागि पेस नभएकोले प्रयोग भएको प्रमाण संलग्न गरी एकै फर्मबाट एउटै औषधी</td><td>७०९,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खरिद गर्दा निम्नानुसार बढी दर कायम गरी बढी भुक्तानी भएको रकम रु ६९००० सम्बन्धितबाट असुल गरी दर फरक पारी सोझै खरिद गर्ने कर्मचारीलाई जिम्मेवार बनाई भ्याक्सिन प्रयोगको प्रमाण पेस गर्नुपर्ने रु | |

| फर्मको नाम | सामानको विवरण | पछिल्लो बिलको परिमाण | अघिल्लो विलको दर | पछिल्लो विलको दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| प्राप्ती भेट सेवा | Vaccine gymboro (dose) | १५० | २०० | ३८० | १८० | २७००० |
| | Vaccine distemper (dose) | १५० | १८० | २८० | १०० | १५००० |
| | Caccine ranikhet (does | १५० | २०० | ३८० | १८० | २७००० |
| जम्मा | | | | | | ६९००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **चौडिक माल्टा सरदेउ सडक ढलान**<br><br>कार्यालयले ठेक्का नंबर १०।२०७७।७८ बाट चौडिक माल्टा सरदेउ सडक ढलान कार्यको रु १४०१६८५२ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट निर्माण कार्य गराउँदा सबैभन्दा कम रु ७४०७५२५।५८ कबोलगर्ने निर्माण व्यवसायी बि.आर.एस. कन्स्ट्रक्शनलाई भौचर नंबर २९।२०७८।०८।१८ बाट तेस्रो तथा अन्तिम बिलवापत रु ४५८५८१८।२५ भुक्तानी भएकोमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन् | |
| ५६.१ | | | **भेरिएसन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएसन आदेश स्वीकृत गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसंग रु ७४०७५२५।५८ मा कार्य गर्नेगरी सम्झौता भएकोमा रु ५९५११६५।५२ को कार्य भएपश्चात रु १४५६३६०।०६ (१९.६६ प्रतिशत ) घटी कार्य गरेको अवस्थामा प्राविधिक ले भेरिएसन आदेस स्वीकृतबेगर कार्य सम्पन्न प्रतिवेदन तयार गरी ठेक्का फरफारक गरेको देखिन्छ । सम्झौता अनुरुप काम नगरेकोमा स्पष्ट कारण उल्लेख गरी भेरिएशन जारी गरी कार्यसम्पन्न तयार गर्नु पर्नेमा सो बेगर घटीको कार्य सम्पन्न दिएकोले प्राबिधिकलाई जिम्मेवार बनाउनु पर्दछ । | १,४५६,३६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६.२ | | | **मूल्यअभिवृद्धि कर समायोजनः** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को दफा ६(ग) अनुसार ठेक्का वा करार अन्तरगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ३० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ। कार्यालयले गो.भौ.नं./मिति २९।२०७८।०८।१८ बाट फर्मलाई बीजक नंबर ००२।२०७८।०८।१८ को अन्तिम बिल रु ४५८५८१८।२५ भुक्तानी गर्दा मूल्यअभिवृद्धि कर वापत रु ५२७५७२ भुक्तानी दिएकोमा उल्लेखित व्यवस्थाअनुसार रु १५८२७१।६० कार्यालय आफैंले कट्टी गरी दाखिला गर्नुपर्नेमा सो नगरेकोले सम्बन्धित फर्मले मूल्यअभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कारोवार अङ्कसमेत खुल्नेगरी समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु | १५८,२७२ |
| ५६.३ | | | **पूर्वनिर्धारित क्षतिपूर्तीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरि साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । निर्माण ब्याबसायी संग मिति २०७७।१२।०३ मा २०७८।०३।१५ सम्म कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा फर्मले मिति २०७८।०६।१० मा म्याद थपको लागि निवेदन दिएपनि अन्य ठेक्काको म्याद कार्यपालिकाबाट थप गरे पनि उल्लेखित ठेक्काको म्याद थप भएको नदेखिएको र फर्मले मिति २०७८।०८।१५ मा मात्र कार्य सम्पन्न गरी अन्तिम मूल्याङ्कनको लागि अनुरोध गरेकोले तोकिएको समयभन्दा १५० दिन ढिला हुन गएको छ । कानूनी व्यवस्था अनुसार कबोल अङ्कको ०.०५ प्रतिशतले प्रतिदिनको रु ३७०४ का दरले रु ५५५६०० सम्बन्धित फर्मबाट पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | ५५५,६०० |
| ५६.४ | | | **जर्ति (Wastage)** : कार्यालयले TMT को दरविश्लेषण गर्दा Wastage वापत ५ प्रतिशत थप गरी विश्लेषण गरीसकेको अवस्थामा प्राविधिकले TMT को नापी गर्दा Binding wire and wastage भनी थप ६२९।६३ केजि मापन गरेकोले दोहोरो नापी भएको परिमाणको प्रति केजि मूल्यअभिवृद्धि करसमेत रु ९६।०५ का दरले रु ६०४७६ सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु | ६०,४७६ |
| ५६.५ | | | **रडमा बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा बिल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक ढलानको आर.सि.सि कंक्रिटको कार्य औसत चौडाइ ४.३१३ मिटर भएकोमा रडको गणना गर्दा औसत ५.५ मिटर उल्लेख गरी Distribution bar (12 mm) को ९३९ वटाको ३६०४ केजि हुनुपर्नेमा प्राविधिक विलमा ४५८२।७९ केजि भएकोले वास्तविक कार्यभन्दा ९७८।३ केजि बढी भएको छ । बढी भएको परिमाण को प्रति केजि कबोल रकम मूल्यअभिवृद्धि करसमेत रु ९६।०५ का दरले रु ९३९६५ सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु | ९३,९६५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>जग्गा प्राप्तिः जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गर्दा मुआब्जा रकम निर्धारण गर्न प्रमुख जिल्ला अधिकारीसमेतको तोकिएका पदाधिकारीहरु रहेको समिति रहने र सोही समितीले निर्धारण गरेको मुआब्जा रकम बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गरेबापत सम्बन्धित जग्गाधनीलाई मुआब्जा भुक्तानी गर्नुपर्दछ। कार्यालयले वडा कार्यालय निर्माण प्रयोजनार्थ जग्गा प्राप्ति गर्दा सम्बन्धित जग्गाधनिलाई रकम भुक्तानी नगरी वडा सचिब लोकेश रोकाय लाई रु. १७,३४,०००। भुक्तानी गरेकोमा, सोको लागि उपरोक्त समितिले मुआब्जा निर्धारण नगरी वडा कार्यालयको निर्णयको आधारमा रकम भुक्तानी गरेको छ । सोको लागी ऐन को दफा १६ अनुसार मुआब्जा निर्धारण गर्दा विचार राख्नु पर्ने कुराहरु पालना नगरी निर्णय भएकोले, ऐनको व्यवस्था पालना नगरी जग्गा प्राप्ति बापत भुक्तानी भएको रु १७,३४,०००। नियमसम्मत तथा मितब्ययी भयो भन्न सक्ने अबस्था रहेन । निम्नानुसार जग्गा खरिद भएकोमा सम्बन्धितले रकम प्राप्त गरेको प्रमाण संलग्न गरी कानुनमा उल्लेखित ब्यबस्था बेगर खर्च गरेको रकम नियमित गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.-मिति</th><th>जग्गाधनीको नाम</th><th>क्षेत्रफल (बर्गमिटर)</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>८०-०७८-१२-१९</td><td>राम ब.थापा</td><td>६७०</td><td>१२००</td><td>८०४०००</td></tr>
<tr><td>८०-०७८-१२-१९</td><td>बिमला खड्का</td><td>५५५</td><td>१२००</td><td>६६६०००</td></tr>
<tr><td>८०-०७८-१२-१९</td><td>मन्धरी ल्यार</td><td>२२०</td><td>१२००</td><td>२६४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४४५</td><td></td><td>१७३४०००</td></tr>
</table></td><td>१,७३४,०००</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>ठे.नं. १९-०७७।७८ शारदा मा वि भवन निर्माण<br><br>लागत अनुमान रु ४७७७२५७।५३ रहेको शारदा मावि भवन ठेक्का व्यस्थापन गर्दा सवैभन्दा कम कवोल गर्ने के. एम. कैलास कन्स्ट्रक्सनले कवोल गरेको रु. २९८२५७२।४४ मा २०७७।७।२८ भित्र सम्पन्न गर्ने गरी मिति २०७७।३।२३ मा सम्झौता भएको र दोस्रो रनिङ विलसम्म रु. ३०४९९८९।३५ मूल्याँकन भई दोस्रो रनिङ विलको भौ.नं. ७-०७८।८।१७ बाट रु १७९५८४१। भुक्तानी भएको ठेक्का सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८.१ | | | **कार्य सम्पादन जमानतको म्याद थप**– सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी सम्झौता अवधि भित्र काम पुरा गर्न नसक्ने भएमा कारण खुलाई म्याद समाप्त हुनुभन्दा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत वीमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सार्वजनिक निकायमा निवेदन दिने र उपदफा (२) को प्रकृया पुरा गरी म्याद थप गर्न सकिने व्यवस्था छ । २०७७।७।२८ मा म्याद समाप्त हुने उक्त निर्माण कार्यको निर्माण व्यवसायीले उचित कारण सहित म्याद थपको निवेदन नदिएको अवस्थामा २०७८।९।२ को कार्यपालिकाको निर्णय अनुसार २०७८ चैत्र मसान्त सम्मको म्याद थप गरेको छ । म्याद थप गर्दा निर्माण व्यवसायीले राखेको कृषि विकास बैंकको जमानत नं २३०।००४१।४९८०।०२० को रु ६८८२००। को २०७९।१०।२ सम्मको कार्यसम्पादन जमानत थप गराई तथा संशोधित कार्यतालिका समेत पेश भएको अवस्थामा मात्र म्याद थप गर्नु पर्नेमा सो वेगर गरेकोले कार्यसम्पादन जमानतको अवधि थप गरेको प्रमाण पेश हुनुपर्ने रु | ६८८,२०० |
| ५८.२ | | | **विल भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्ययवस्था छ ।दोस्रो रनिङ विलसम्मको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको ७.०८ घमी आरसिसि कार्यवापत भुक्तानी गरी सकेकोमा stone masonry work cement sand mortar 1:6 कार्यको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको परिमाण नघटाई भुक्तानी गरेकोले निर्माण व्यवसायीले कवोल गरेको गाह्रो लगाउने कार्यको प्रति घमी रु. २५००।-का दरले रु. २०,००१।— मू.अ.कर समेत असूल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु. | २०,००१ |
| ५८.३ | | | **बिमा तथा प्रयोगशाला परीक्षण-** प्रोभिजनल सम आटममा रहेको बिमा र प्रयोगशाला परीक्षणको कार्य सम्झौताका सर्त अनुसार गरिनु पर्दछ । कार्यलयले उक्त निर्माण कार्यको लागि विल अफ क्वाण्टिटिको जनरल आईटममा विमा वापत रु ३००००। र प्रयोगशाला परीक्षण वापत रु १५०००। राखकोमा दोस्रो रनिङ विल भुक्तानी गर्दासम्म विमा र प्रयोगशाला परीक्षण भई भुक्तानी गरेको देखिएन । निर्माण समाग्री र निर्मित संरचनाको जोखिम न्यूनीकरण गर्न विमा र गुणस्तर सुनिश्चितता गर्न प्रयोगशाला परीक्षण गरिनु पर्दछ। | |
| ५८.४ | | | **थप जर्ति -** सार्वजनिक खरिद निमायवली, २०६४ को नियम १०(३) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्मस तथा दररेट निर्धारण समितिले स्वीकृत गरेको सामाग्री तथा ज्यालाको आधारमा तयार गर्नुपर्दछ। पालिकाले उक्त भवन निर्माणमा प्रयोग हुने फलामे डण्डीको लागत अनुमान तयार गर्दा नर्मस अनुसार १।०५ परिमाण रड राखी सकेकोमा नापी तयार गर्दा थप जर्ती २ प्रतिशत दिएकोले बढी जर्ती दिएको ९८.७९ केजीको निर्माण व्यवसायीले कवोल गरेको प्रति केजी दर रु ९८।७९ मा मू अ कर समेत थप गरी भुक्तानी भएको रु १०८२८। असूल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु. | १०,८२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **वडा कार्यालय भवन निर्माण ;**<br><br>कार्यालयले ठेक्का नंबर ०३।२०७८।७९ बाट वडा कार्यालय भवन निर्माण कार्यको रु १२४९४८५३।१५ लागत अनुमान तयार गरी सबैभन्दा कम रु ७११७७९६।२२ कबोल गर्ने निर्माण व्यवसायी न्यु वडालेक निर्माण सेवालाई गोश्वारा भौचर नं २१४।२०७९।०३।१० बाट प्रथम रनिङ्ग बिल रु २६०७९७३। भुक्तानी दिएको सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन् | |
| ५९.१ | | | **कार्यसम्पादन जमानत** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) बमोजिम जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कवुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कवुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कवुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कवुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार १५ प्रतिशत भन्दा बढी घटेर कवुल गरेको अवस्थामा रु २१०७३०३ कार्यसम्पादन जमानत राख्नुपर्नेमा सेन्चुरी कमर्सियल बैक लिमिटेडको (October 30, 2023) सम्म म्याद भएको रु १८९९८१५ मात्र जमानत राखेकोले नपुग रु २०७४८८ को कार्यसम्पादन जमानत राखेको प्रमाण पेस गर्नुपर्ने रु | २०७,४८८ |
| ५९.२ | | | **ब्यान्ड** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट तयार भएको प्राविधिक बिलमा Sill band lintel band for ground floor for RCC (1:1.5:3) कार्यमा ३.९९ घनमिटर कार्य भएकोले Brick masonry work in cement sand (1:4) कार्यको नापी गर्दा उक्त परिमाण घटाउनुपर्नेमा नघटाएकोले Brick masonry को प्रति घनमिटर मूल्यअभिवृद्धि करसमेत रु १४१२५ का दरले रु ५६३५९ बढी मूल्याङ्कन भएको छ । बढी मूल्याङ्कन भई फर्मलाई भुक्तानी भएको रकम प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु | ५६,३५९ |
| ६० | | | **सामाजिक सुरक्षा वितरण :**<br><br>**सामाजिक सुरक्षातर्फः** यस वर्ष रु.१०,००,०५,७७६।०० खर्च भएको बैङ्क नगदी किताब र आर्थिक विवरणबाट देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा देखिएका ब्यहोरा देहाय बमोजिम रहेका छन् : | |
| ६०.१ | | | **पारदर्शिता कायम नगरेकोः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६०.२ | | | सामाजिक सुरक्षा सञ्चालन कार्यविधी, २०७५ को दफा १५ (४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा फ्रिज भई संघीय संचित कोषमा दाखिला हुनेछ । लाभग्राहीको खातामा गएको रकम भने फ्रिज हुनेछैन भन्ने व्यवस्था छ। सामाजिक सुरक्षा बापत बैङ्क निकासा दिएको तिनै किस्ताको रकम वितरण गरी निष्कृय खातामा रु. २,८२,२५९।४२ मौज्दात रहेको सिद्धार्थ बैङ्कको मिति २०७९/०५/२३ को पत्रबाट देखिएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | २८२,२५९ |
| ६०.३ | | | **लगत कट्टाको अभिलेख प्राप्त नभएको:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण क्रममा मुल अभिलेख खाता, नवीकरकणको विवरण, नयाँ थप भएका लाभग्राहीको विवरण र आ.व. २०७८।७९ मा लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन । मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख प्राप्ट नभएकाले दफा १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन । यसमा सुधार गर्नुपर्दछ । | |
| ६०.४ | | | सामाजिक सुरक्षा सञ्चालन कार्यविधी, २०७५ को दफा २५ (क) सामाजिक सुरक्षा बापत निकासा प्राप्त रकम बैङ्कले लाभग्राहीको खातामा जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैङ्क खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसुची-१३ बमोजिमको चौमासिक रुपमा सम्बन्धित स्थानीय निकायलाई विद्युतीय माध्यममा अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहलाई पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरणको भर्पाई मानिनेछ भन्ने व्यवस्था छ । पालिकाले वितरण गरेको सम्पुर्ण रकमको अनुसुची-१३ बमोजिमको विवरण प्राप्त भएन । पालिकाले कार्यविधीको पूर्ण पालना गरी सामाजिक सुरक्षा कार्यक्रमलाई पारदर्शी बनाउनुपर्दछ । | |
| ६१ | | | **अनुदानको अनुगमन -** कार्यालयले शैक्षिक सुधार कार्यक्रम अन्तरगत केन्द्रवाट छनौट भएका नमुना विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धार विद्यालयको व्यवस्थापन अनुदान वापत भानोदय नमुना माविलाई भौ नं २८-०७९।३।२५ बाट रु ७०००००। अनुदान उपलव्ध गराएकोमा विध्यालयले प्राप्त गरेको अनुदान रकमको उपयोग तथा लेखापरीक्षण प्रतिवेदन र कार्यालयवाट भएको अनुगमन प्रतिवेदन हालसम्म पेश भएको देखिएन। अनुदान रकम र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुंदा तोकिएको शिर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ अनुदान रकमबाट भए गरेका काम, आयव्ययको अनुमोदन सहितको निर्णय तथा अनुगमन प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश हुनु पर्ने रु | ७००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td></td><td></td><td>आयकर ऐन २०५८ को दफा ८७ (१) बमोजिम सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले भेरिकला, मैरेगडा, चुने खोला, तुरियाधार खोला झोपु निर्माण शिर्षकमा विनियोजित बजेटवाट चुने खोला र तुरियाधार खोला झो.पु. निर्माणको लागि परामर्श सेवा वापत पिसविन गै स स लाई रु. १,१३,५५३।- भुक्तानी गरेकोमा मू.अ. कर विजक पेश नगरेको र अग्रिम कर कट्टा समेत नगरेकोले १५ प्रतिशतले हुने रु १७०३३। अग्रिम कर असूल गरी राजश्व दाखिला हुनुपर्ने रु.</td><td>१७,०३३</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>गैह्र सरकारी संस्थालाई अनुदान- कार्यालयले आफुले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागी अनुदान रकमको अनुगमन गर्नुपर्दछ। पालिकाले अनाथ बालवालिकाहरुको लागि शैक्षिक बातावरणीय केन्द्र कन्सर्न बाजुरालाई संस्थाले पेश गरेको आर्थिक प्रस्तावका आधारमा मिति २०७८।८।१० मा सम्झौता गरी सशर्त पूँजीगत तथा चालु शिर्षकको निम्नानुसार भौचरवाट रु. १२५००००। खर्च लेखेको छ । संस्थाले दाल चामल आलु तेल लगायतको सामान खरिद गरेको टुक्रे विलको आधारमा भुक्तानी दिएकोमा कार्यालयले संस्थामा रहेका वालवालिकाको अवस्था र अनुदान रकमवाट भए गरेका कामको स्थिति झल्कने गरी अनुगमन तथा प्रतिवेदन गरेको छैन भने संस्थाको २०७८।७९ को लेखापरीक्षण प्रतिवेदन, संस्थाको आयव्ययको अनुमोदन र पालिकाको अनुगमन प्रतिवेदन समेत पेश हुनुपर्ने रु
<table>
<tr><td>भौ.नं. र मिति</td><td>बजेट शिर्षक</td><td>रकम</td></tr>
<tr><td>२०-०७८।८।१२</td><td>संघीय शसर्त पूँजीगत</td><td>१००००००</td></tr>
<tr><td>३४।२०७८।११।११</td><td>नगरपालिका पुजिगत</td><td>२५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२५००००</td></tr>
</table></td><td>१,२५०,०००</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>ऐन तथा कार्यक्रमको पालना - पालिकाले स्थानीय सरकार ऐन २०७४ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा ११, दफा २४ (४) अनुसारका देहायका कार्यहरु तथा सभाले पारित गरेका निम्नानुसारका कार्यहरु गरेको देखिएन ।<br>१) स्थानीय सरकार सञ्चालन ऐन अनुसार कार्यान्वयन नभएका कार्यहरु
<ul>
<li>स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वयन र नियमन नभएको,</li>
<li>सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको,</li>
</ul></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अनधिकृत निर्माण तथा सार्वजनिकसम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको<br>• आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन नभएको,<br>• मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको,<br>• सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको,<br>• स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको,<br>• स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन नभएको,<br>• स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको,<br>• जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको,<br>• खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको,<br>• एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको,<br>• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा नगरेको,<br>• स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको,<br>• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको,<br>• खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको,<br>• जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको,<br>• सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको,<br>• खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन नभएको,<br>• बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको<br>• आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको,<br>• खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको,<br>• वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वयन नभएको,<br>• व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको,<br>• प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नभएको,<br>• यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा नभएको,<br>• संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन नभएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको<br>• एकीकरण तथा जग्गा र विकास व्यवस्थापन नगरेको,<br>• स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको,<br>• दफा२४ (४) पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,<br>• दफा८३ (७) पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा कार्यान्वयन नभएको<br><br>२) सभाले बार्षिक सभामा पेश गरेका नीति तथा कार्यक्रमहरु मध्ये कार्यान्वयन नगरेका कार्यहरु<br><br>• कृषि क्षेत्रमा सवै वडाहरुमा कृषि/पशु सेवा स्वंयमसेवकहरुको ब्यवस्था गर्ने, सवै वडामा पाईनेस्थानीय रैथाने बालीहरुको पहिचान गरी एक वडा/एक रैथाने बाली पकेट प्याकेज कार्यक्रम संचालन गर्ने लगायत १९ नीति कार्यक्रम,<br>• पशुपालन क्षेत्रको अल्पकालिन तथा दिर्घकालिन नीति तथा कार्यक्रम तर्जुमा गर्ने लगायत ७ नीति कार्यान्वयन नभएको उद्योग तर्फ उद्योगको वर्गीकरण तथा सञ्चालन र नियमनका लागि आवश्यक नीति अवलम्बन गरिने घरेलु तथा साना उद्योगहरुलाई कच्चा पदार्थको आयात तथा उद्योगजन्य उत्पादनको निर्यात, वस्तुको बजारीकरणमा विशेष सहुलियत दिइने लगायत ४ वटा वित्तीय अनुशासन तर्फ सबै पेशमा संलग्न व्यक्तिलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिई करदातालाई करको दायरामा ल्याइने, करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिने<br>• शिक्षा तर्फ नगरभित्र सञ्चालित सामुदायिक विद्यालयमा दरबन्दी मिलानको कार्यलाइ मुर्तरुप दिइने, लगनसील, मेहनती, नवप्रवर्तनसील शिक्षकलाई थप जागरुक र उत्प्रेरित वनाउन सूचकमा आधारित रहि प्रत्येक वर्ष पुरष्कृत गर्ने नीति अवलम्बन गरिने लगायत ११ नीति<br>• यूवा तथा खेलकुद तर्फ नगरको आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण तथा विकास निर्माणमा युवाहरुको सक्रिय सहभागिता सुनिश्चित गरिने<br>• स्वास्थ्य तर्फ समुदायमा स्वास्थ्य सम्बन्धी जनचेतना मुलक अन्तरक्रिया कार्यक्रम गरी जनतालाई स्वस्थ रहने कुरा सिकाइने, पूर्ण कुपोषण रहित नगरपालिका घोषणा गर्न विशेष रणनीतिका साथ अघि बढाइने लगायत ९ वटा कार्यक्रम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • खानेपानी तथा सरसफाई तर्फ नगर स्तरीय वास योजना निमार्ण गरि कार्यान्वयन गरिने, प्रत्येक नागरिकलाइ स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको स्थापित गर्न सुनिश्चित गर्ने लगायत १० वटा<br>• भवन तर्फ निर्माण हुने भवनहरु भवन आचार संहिता मापदण्ड पुरा गरी नगरपालिकाबाट अनुमति लिएर निर्माण गर्ने, स्वच्छ, हराभरा, स्वस्थ्य तथा दीगो शहरी विकासको लागि भवन निर्माण मापदण्ड लागु गरिने लगायत ७ वटा<br>• सूचना तथा सञ्चार प्रविधि तर्फ विकास एवम् सार्वजनिक सेवा प्रवाह सम्बन्धी चुनौति सामना गर्न सूचना तथा प्रविधिमा आधारित नवीनतम तथा मौलिक प्रयोग र प्रवर्द्धन गर्न विशेष कार्यक्रम, नगरपालिकामा सर्भरको विकासका लागि सम्भाव्यता अध्ययन गरी यथासक्य प्रयोगमा ल्याइने लगायत ७ वटा<br>• वन भू- संरक्षण तर्फ वन क्षेत्रबाट रोजगारी सृजना गर्ने गरी एक बन एक उपभोक्ता समुहको स्थापना गरिने, वन क्षेत्रमा सुशासन, समावेशीकरण र सामाजिक न्याय प्रवर्द्धनको लागि व्यवस्थापनलाई थप सक्षम बनाइने लगायत ७ नीति कार्यक्रम<br>• वातावरण संरक्षण तर्फ प्रदुषण रहित खोला नाला हराभरा बनजंगल र स्वच्छ बातावरण को विकास गर्दै लगिने छ । पूर्वाधार निर्माण वातावरण मैत्री बनाइने<br>• वित्तीय व्यवस्थापन सुशासन तर्फ प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाइने, सरकारी सवारी साधन सरकारी काममा अधिकृत व्यक्ति बाट मात्र प्रयोग गरिने<br><br>स्थानीय सरकार सञ्चालन ऐनद्वारा निर्देशित कार्य र सभाद्वार पारित नीति तथा कार्यक्रम प्रभावकारी रुपमा गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ। | |
| ६५ | | | **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन -**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना हुनुपर्दछ । नगरपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>पेश्की बाँकी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छ्यौट गर्नुपर्दछ रु.
<table>
<tr><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td rowspan="3">कर्मचारी</td><td>विवेक शाह इन्धन (पदाधिकारी) संचार महसुल</td><td></td><td>५००००</td></tr>
<tr><td>विरेन्द्र खडका विविध कार्यक्रम खर्च</td><td></td><td>१0000</td></tr>
<tr><td>पुर्णचन्द्र जैशी अध्यायन भ्रमण खर्च</td><td></td><td>१३०००००</td></tr>
<tr><td rowspan="4">मोविलाईजेशन</td><td>श्री जागृति एम के नेपाल जे भी</td><td>४५५०००००</td><td>0</td></tr>
<tr><td>जाग्रीति। एम के जे भी</td><td>१२७५0000</td><td>0</td></tr>
<tr><td>लम्पडा निर्माण सेवा</td><td>२५00000</td><td>0</td></tr>
<tr><td>समारिका कन्स्टक्सन</td><td>१६00000</td><td>0</td></tr>
</table></td><td>३,४८५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | |
|---|---|---|---|
| संस्थागत | श्री राजेन्द्र आधारभुत विद्यालय | 0 | ३२५000 |
| | बार्जुगाड सायल सिचाई कुलो | 0 | १५०0000 |
| | बुढीगंगा दिलत नेटवर्क सिलाई कटाई एडभान्स तालिम | | ३००००० |
| | **जम्मा** | २१४००००० | ३४८५००० |

</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>

**विल भरपाई -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नुपर्ने, नियम ३९(१०क) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार रु. ४७४६५५।०० खर्च गर्दा कैफियतमा उल्लेखित प्रमाण संलग्न नगरी खर्च गरेको देखिएको रु.

| भौ.नं./मिति | विवरण | खर्च रकम | विल भर्पाई नपुग रकम |
|---|---|---|---|
| ३९२।०७९।३।२५ | केदार शाह पेश्की फछ्र्यौंट विमा तथा विविध खर्च | ८०००० | ३२६३।५१ |
| ३५।२०७८।६।२३ | ऐना एडभरटाईजिङ्गलाई सुचाना प्रकाशन वापत भुक्तानी भएकोमा सक्कल विल संलग्न नरहेको | ११११८१४ | ११११८१४ |
| ३६।२०७८।६।२३ | मिश्रा ब्रदर्शलाई स्टेशनरी सामाग्री खरिद वापत भुक्तानी भएकोमा सक्कल विल संलग्न नरहेको | ३५९५७७।८ | ३५९५७७।८० |

</td><td>४७४,६५५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>जम्मा</td><td>४७४६५४।५१</td></tr></table></td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>मोविलाइजेसन पेश्की : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ क (१) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण ब्याबसायीबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बिस प्रतिशत नबढ्ने गरी पेश्कि दिन सकिने,पेस्की दिँदा पहिलोपटक स्वीकृत पेस्की रकमको आाधामा नबढ्नेगरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने व्यवस्था छ । कार्यालयले उल्लेखित ब्याबस्था अनुसार पेश्कि उपलब्ध नगराई गोश्वारा भौचर नम्बर ८४-०७९-१-०७ बाट वडा नम्बर ४ र ६ को भवन निर्माण कार्यको लागी मोबिलाईजेशन पेश्की जनाई रु. २५०००००। लम्पडा निर्माण सेवालाई भुक्तानी गरेकोमा पेश्की जमानत राखेको छैन । जमानत बेगर पेश्कि दिनेलाई जिम्मेवार बनाउदै मोबिलाईजेशन पेश्की कानुनत सिमाभित्र र दिनुपर्ने भए नभएको एकिन गरी ब्याज सहित असुल गर्नुपर्ने देखिएको रु.</td><td>२,५००,०००</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>पूँजिगत बजेटमा चालु प्रकृतिका खर्च — पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ । कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। कार्यालयले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका निम्नानुसार क्रियाकलाप कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.३५२३७२०। खर्च लेखेको पाईयो। पूँजीगत शीर्षकबाट चालु प्रकृतीको खर्च गरेको रकम उचित नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>नाम</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>१४।२०७८।०८।१६</td><td>मिना वि क</td><td>एच आइ भि संक्रमण खर्च</td><td>६००००</td></tr>
<tr><td>३४।२०७८।११।११</td><td>कनसर्न बाजुरा</td><td>खाद्यान्न सहयोग कार्यक्रम</td><td>२५००००</td></tr>
<tr><td>४०।२०७८।१२।१०</td><td>शिवशंकर आवि</td><td>शैक्षिक सामग्री खरिद</td><td>१५००००</td></tr>
<tr><td>६०।२०७८।१२।१४</td><td>टना कुमारी राना</td><td>साना किसान सहकारी अफिस व्यवस्थापन</td><td>२००००</td></tr>
<tr><td>६२।२०७८।१२।१५</td><td>दिपक राज भारती</td><td>पाउरोटी उद्योगलाई डिपफ्रिज हस्तान्तरण</td><td>४९७२०</td></tr>
</table></td><td>३,५२३,७२०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६५।२०७८।१२।१५ | कालाजग्रा मिडिया हाउस | वडिमालिका वडा नं ३ | २५०००० |
| १०५।२०७९।०१।०८ | ब्रम्हदेवस्थल आवि | शैक्षिक सामग्री खरिद | १५०००० |
| ११९।२०७९।०१।०९ | भुवन जैशी | कृषकलाई भैंसी पालन सहयोग | १००००० |
| १२८।२०७९।०१।१९ | कमला कुँवर | महिला स्वयंसेविका प्रोत्साहन कार्यक्रम | ४५००० |
| १२९।२०७९।०१।११ | लोकसरी थापा | महिला स्वयंसेविका प्रोत्साहन कार्यक्रम | ५०००० |
| १५०।२०७९।०१।२२ | वडा सचिव बलदेव चौधरी | अवलोकन अध्ययन भ्रमण | २५०००० |
| १७३।२०७९।०२।१० | राजेन्द्र विष्ट | वालवालिका लक्षित कार्यक्रम | ८५००० |
| १७४।२०७९।०२।११ | शिशिर विन्दु विश्वकर्मा | उच्च शिक्षा दलित प्रोत्साहन | २०००० |
| १७६।२०७९।०२।१३ | महिला अधिकार मञ्च | हरितालिका तिज | ५५००० |
| १८१।२०७९।०२।२४ | भगवती मावि - ९ | व्यवस्थापन खर्च | १००००० |
| १८२।२०७९।०२।२४ | भगवती मावि - १० | व्यवस्थापन खर्च | १००००० |
| १८६।२०७९।०२।२४ | विवेक शाह | लक्षित वर्ग कार्यक्रम, स्वास्थ्य स्वयंसेविका प्रोत्साहन | २६०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १८८।२०७९।०२।२४ | रमेश बहादुर सार्की | दलित लक्षित कार्यक्रम | ८०००० |
| २००।२०७९।०३।०२ | भुवन जैशी | लक्षित कार्यक्रम | १३५००० |
| २१०।२०७९।०३।१० | वसन्त आ वि वडा - २ | शैक्षिक प्रवर्द्धन | २००००० |
| २१३।२०७९।०३।१० | निराजन कुमार थाप | वडा कार्यालय व्यवस्थापन वडा - १ | २०४००० |
| २२०।२०७९।०३।१४ | जाना कुमारी थापा | कोपिला बालबिकास व्यवस्थापन | ५०००० |
| २२१।२०७९।०३।१५ | भिमेश्वर आ वि | | ५०००० |
| २३४।२०७९।०३।१६ | शान्तिकोट भगवती आ वि | | १००००० |
| २३७।२०७९।०३।१६ | पदम भण्डारी | आमा समूह खाजा वडा - ३ | ५०००० |
| २३९।२०७९।०३।१६ | सिगाडा मा वि | सिगाडा मा वि व्यवस्थापन | २५०००० |
| २५३।२०७९।०३।२० | लोकेस रोकाया | सास्कृतिक प्रवर्द्धन कार्यक्रम | १००००० |
| २५४।२०७९।०३।२० | निराजन कुमार थाप | लक्षित समूह कार्यक्रम महिला हिँसा न्यूनीकरण | २००००० |
| २५५।२०७९।०३।२० | लक्ष्मिराम जैशी | स्वास्थ्य चौकी व्यवस्थापन विभिन्न सामान | ५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२६८।२०७९।०३।२५</td><td>कुन्ती कुमारी थापा</td><td>स्वयंसेविका एच आइ भि</td><td>६००००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>३५२३७२०</td></tr></table></td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>ठेक्का फाइलः कार्यालयले गो.भौ.नं./मिति ०४।२०७८।०६।२२ मा ६ नंबर वडा कार्यालय भवन निर्माण कार्यको लम्पडा निर्माण सेवालाई प्रथम रनिङ्ग बिल वापत रु १०७२४६१।५० भुक्तानी गरेकोमा उल्लेखित व्यवस्थाअनुसार ठेक्का फाइल लेखापरीक्षणको लागि पेस नभएको रु</td><td>१,०७२,४६२</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>समपूरक कोष : सूदुरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ मा समपुरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागतमध्ये चालीस प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानीय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले गोश्वारा भौचर नं २८।२०७८।०८।१८ मा लम्पडा निर्माण सेवाबाट वडा नंबर ६ को बाम्का देखि नगरपालिकासम्मको सडक निर्माण कार्य गर्दा रु २५०४५१८। भुक्तानी गर्दा उल्लेखित व्यवस्थाअनुसार नगरपालिकाबाट रु १५०२७१०। खर्च गर्नुपर्नेमा सम्पूर्ण रकम प्रदेश सरकारबाट खर्च भएकोले नगरपालिकाले साझेदार गर्नुपर्ने रकम रु १५०२७१० प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने रु</td><td>१,५०२,७१०</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम बिल र बीजकको भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नं १९८।२०७९।०३।०२ बाट १ नंबर वडा कार्यालय भवन निर्माणको अन्तिम बिल भुक्तानी गर्दा थापा ब्रदर्श कन्स्ट्रक्शन कम्पनीलाई प्रोभिजनल समवापत रु ४५२०० भुक्तानी गर्दा मूल्यअभिवृद्धि कर रु. ५८७६ समेत भुक्तानी भएको छ । प्रोभिजनल समवापतको रकममा मूल्यअभिवृद्धि कर भुक्तानी गर्न मिल्ने नदेखिएकोले सो रकम सम्बन्धित फर्मबाट असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>५,८७६</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>बैङ्क नगदी किताब भन्दा बढि खर्चः कार्यालयको पुँजीगत खर्च खाता बिजोर वर्षको बैङ्क नगदी किताब अनुसार रु १२०२७०५३६।३० खर्च भएकोमा कार्यालयबाट प्राप्त एकृकित बिवरणमा पूँजिगत खर्च रु.१४०१७८७६३।३३ देखाएकोले बैंङ्क नगदि किताबमा नचढाई रु.१९९०८२२७।०३ बढि खर्च गरेको र सो को श्रेस्ता लेखापरीक्षणको लागी पेश नगरेकोले श्रेस्ता नै तयार नगरी खर्च गर्ने लाई जिम्मेवार बनाई बढि खर्च सम्बन्धमा यकिन गर्नुपर्ने रु.</td><td>१९,९०८,२२७</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>बैंक बढि खर्चः सुत्र प्रणालीमा प्रविष्ट गरेको पुँजिगत खर्चको स्रेस्ताअनुसार रु १२०२७०५३६।३० (कन्टिन्जेन्सी समेत ) खर्च जनाएकोमा सम्बन्धित खातामा रकम जम्मा नगरेकोले बैक खर्च नभई स्रेस्ता खर्च जनिएको अवस्था छ । नगरपालिकाको पुँजीगत खर्च खाता बिजोर वर्षको बैक स्टेटमेन्टअनुसार वर्षभरीमा रु १८१४४९५११ प्राप्त भई चेक सटही अवधी २०७८ श्रावण १५ सम्म बैकबाट रु</td><td>७,६९७,८१६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १२७९६८३५२।४६ खर्च भई ५३४८११५८।५४ बैक मौज्दात रहेको बैकबाट प्रमाणित मौज्दात विवरण (balance Certificate s statement) बाट देखिन्छ । उल्लेखित अवस्थाअनुसार कार्यालयको पुँजिगत खातामा स्रेस्ताअनुसार भएको खर्चमा कन्टिन्जेन्सी कट्टी रकम घटाएर बैकअनुसारको खर्च रकम भिडान गर्नुपर्नेमा कार्यालयले बैक हिसाव विवरण तयार गरेको छैन । समग्रमा हेर्दा स्रेस्ताअनुसार भएको खर्च रु १२०२७०५३६।३० र बैकअनुसार खुद खर्च भएको रु १२७९६८३५२।४६ हुँदा स्रेस्ताभन्दा बैक रु ७६९७८१६।१८ बढी खर्च देखिएको छ । कार्यालयबाट प्राप्त बैक स्टेटमेन्टमा काटिएका कतिपय चेक सुत्रको गोश्वारा भौचरमा समेत प्रविष्ट (Entry) भएको देखिएन। कार्यालयले पुँजिगत खातामा भएको स्रेस्ताअनुसारको बैक खर्च भिडान गरी गोश्वारा भौचरमा प्रविष्ट नगरी सुत्र बाहिर हाते चेक काटी खर्च गर्ने र हस्तलिखित चेक सटही गर्ने बैकसमेतलाई जिम्मेवार बनाउँदै पुँजिगत स्रेस्तामा भएको खर्च भन्दा बढी बैंक सटही भएको सम्बन्धमा वास्तविक यकिन गरी स्रेस्ता नै तयार नगरी खर्च गरेको सम्बन्धमा वास्तविकता यकिन गर्नुपर्ने रु | |
| ७५ | | | **घरभाडा -**<br><br>पालिकाले यो बर्ष कार्यालय प्रयोजनको लागि भनी घरभाडा शिर्षकमा रु ४,८८,३०१.०० खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा घरभाडाको सम्झौता पेश नभएकोले भुक्तानी भएको मासिक दर र कुल रकम यथार्थ हो भनी एकिन गर्न सकिएन । खर्च लेख्दा सम्झौता लगायतका कागजात संलग्न नगर्ने तथा लेखापरीक्षणमा पेश नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ । | |
| ७६ | | | **जिन्सी दाखिला -**<br><br>पालिकाले आँखा जाँच कार्यक्रमको अटारी स्वास्थ्य चौकीलाई गो.भौ.नं. ३८९ मिति २०७९/३/२५ बाट रु १६७०९३।००भुक्तानी गरेको देखिन्छ । उक्त संस्थाले पालिकाबाट आवश्यक फर्निचर खरिद गरेको भनी रु १६७०९३।०० को रकम भुक्तानी लिएको भएतापनि जिन्सी दाखिला गरेको नदेखिएकोले उक्त रकम संस्थाको यस बर्षको आय विवरणमा समावेश भएकोप्रमाण कागजात तथा जिन्सी दाखिला पेश गर्नुपर्ने रु | १६७,०९३ |
| ७७ | | | **निर्माण सामाग्री खरिद तथा प्रयोग :** सार्वजनिक खरिद ऐन, २०६३ दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ साथै खरिद भएका निर्माण सामाग्री प्रयोग हुनुपर्दछ । कार्यालयले निम्न अनुसार निर्माण सामाग्री सोझै खरिद गरी रु.१०२३०००। भुक्तानी गरेकोमा उक्त सामान प्रयोग भएको प्रमाण खर्च साथ संलग्न छैन । अत सामान प्रयोग भएको प्राविधिक विल संलग्न गरी खर्च रकम नियमित गर्नुपर्ने रु.<br><br>भौ.नं/मिति \| फर्मको नाम \| सामानको विवरण \| रकम | १,०२३,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२२-०७८-८-१७</td><td>न्यू शाह ट्रेडर्स एण्ड सप्लायर्स</td><td>पाइप</td><td>१५००००</td></tr>
<tr><td>२६-०७८-८-१७</td><td>न्यू शाह ट्रेडर्स एण्ड सप्लायर्स</td><td>पाइप</td><td>२६००००</td></tr>
<tr><td>४९-०७८-१२-११</td><td>न्यू शाह ट्रेडर्स एण्ड सप्लायर्स</td><td>पाइप</td><td>१०००००</td></tr>
<tr><td>१४७-०७९-१-१६</td><td>के.एन. हार्डवेयर एण्ड सप्लायर्स</td><td>पाइप तथा टनेल</td><td>१५३०००</td></tr>
<tr><td>१८५-०७९-२-२४</td><td>के.एन. हार्डवेयर एण्ड सप्लायर्स</td><td>पाइप</td><td>३०००००</td></tr>
<tr><td>२२३-०७९-३-१५</td><td>न्यू शाह ट्रेडर्स एण्ड सप्लायर्स</td><td>पाइप</td><td>६००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०२३०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>कार्यक्षेत्रभन्दा भिन्न स्थानमा लगानीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम पालिकाले दफा ६६ बमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेटको सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आयोजनाको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बजेट तर्जुमा गर्दा उल्लेखित व्यवस्थाको पूर्ण पालना नगरी आफ्नो पालिका क्षेत्र भित्रको कार्यलाई प्राथमिकतामा नराखी बडिमालिका नगरपालिका क्षेत्रभित्र पर्ने वि.पि.समृती भवनमा घेराबार गर्ने कार्यमा रु ३०००००। बजेट विनियोजन गरी न्यू प्रकाश डि.वन. कन्ट्रक्सन लाई गो.भौ.नं./मिति २१२-०७९-३-१० बाट मेशिनरी वाल निर्माण कार्य गरेबापत रु.२८९६५८। भुक्तानी गरेको छ । पालिकाले आफ्नो कार्यक्षेत्रभन्दा भिन्न स्थानमा कार्य गर्दा सम्बन्धित स्थानिय तहसँग साझेदारी तथा समन्वय नगरेकोले खर्चमा दोहोरोपना भएको छैन भन्न सक्ने अवस्थासमेत रहेन। पालिकाले बजेट तर्जुमा गर्दा योजना प्राथमिकताको आधार निर्धारण गरी कार्यक्षेत्रभित्र लगानी गर्ने तर्फ ध्यान पुर्‍याउनु पर्दछ । कार्यक्षेत्रभन्दा भिन्न क्षेत्रमा लगानी गरी खर्च गरेको रकम नियमित नदेखिएको रु.</td><td>२८९,६५८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९</td><td></td><td></td><td>निर्माण ब्याबसायी मार्फत कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नलिखित उपभोक्ता समितिबाट कार्य गराएकोमा उपभोक्ता समितिले कानुनको पालना नगरी निर्माण ब्याबसायीबाट कार्य गराएको अबस्थामा रु. ७३४७८४। भुक्तानी गरेको छ । कानुनमा उल्लेखित ब्याबस्था अनुसार कालोसूचिमा राख्न सिफारिश गरेको प्रमाण सहित कानुनको पालना बेगर खर्च लेखेको रकम नियमित गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.।मिति</th><th>आयोजनाको नाम</th><th>कामको बिबरण</th><th>खुद काम</th><th>भुक्तानी रकम</th><th>फर्मको नाम</th></tr>
<tr><td>१६०-०७९-२-०६</td><td>वडा अन्तर्गतका सडक सरसफाई उ.स</td><td>सडक कटिङ्ग</td><td>७८६६१३</td><td>६१४४००</td><td>समारिका कन्स्ट्रक्सन</td></tr>
<tr><td>२१९-०७९-३-१२</td><td>वडा नम्बर-४ का सडक मर्मत तथा तुड्के चौर मर्मत कार्य</td><td>सडक मर्मत</td><td>१६००४४</td><td>१२०३८४</td><td>हिमाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>७३४७८४</td><td></td></tr>
</table></td><td>७३४,७८४</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>मूल्य अभिबृद्धि कर नलाग्ने बस्तुः मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा(३) मा कर छुट हुने बस्तु तथा सेवाहरुको उल्लेख भए को अनुसुचि बमोजिम solar PV module 300wp,Submersible DC solar water pump मा मूल्य अभिबृद्धि कर नलाग्ने व्यवस्था छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी लागत अनुमानमा मूल्यअभिबृद्दी कर नलाग्ने गरी लागत अनुमान तयार गरेपनी भुक्तानी गर्दा गो.भौ.नं. २१६-०७९-३-११ बाट पृथ्वी इनर्जी निर्माण सेवाबाट उक्त कार्य गराई रु. ५,२५,२२४। भुक्तानी गरेकोमा सो आइटमको रु. ३४५०००। मा मूल्य अभिबृद्धि कर रु. ४४८५०। समेत समावेश गरी भुक्तानी दिएको छ । मूल्य अभिबृद्धि कर ऐनको अनुसुचि बमोजिम कर नलाग्ने सामानमा मू.अ.कर भुक्तानी दिएकोले सम्बन्धितबाट सो रकम असुल गर्नुपर्ने रु.</td><td>४४,८५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>पेश्की छुट : आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम कार्यालयले पेश्की उपलब्ध गराउँदा प्रयोजन समेत खुलाई पेश्की भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिका कार्यालयले गोश्वारा भौचर २३-०७८-८-१७ मा माया कुमारी थापा लाई लक्षित कार्यक्रम सन्चालन गर्न रु. ६००००। पेश्की माग गरेकोमा बैंक नगदी कितावको पेश्की महलमा नचढाई खर्च महलमा विल भरपाइ विना खर्च लेखेको छ । उक्त रकम पेश्की नजनाइ खर्च देखाउनुको कारण स्पष्ट गरी पेश्की कायम गरी फछ्र्यौट गर्नुपर्ने रु.</td><td>६०,०००</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>विजकको ढाँचाः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिमका फर्महरुलाई निम्न कामको भुक्तानी गर्दा कैफियत रहेको विजकको भुक्तानी दिएकोले मूल्य अभिवृद्धि कर रु. १,१०,३८७। सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं. मिति</th><th>फर्मको नाम</th><th>बिल रकम</th><th>मूल्य अभिवृद्धि कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>३०-०७८-८-१८</td><td>हिमाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>४५२३७५</td><td>५५२१९</td><td>१-०७८-५-१५ हस्तलिखित बिजक भएको</td></tr>
<tr><td>३२-०७८-८-१८</td><td>भैरब निर्माण सेवा एण्ड अर्डर सप्लायर्स</td><td>४५१९६१</td><td>५५१६८</td><td>१-०७८-५-१५ हस्तलिखित बिजक भएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११०३८७</td><td></td></tr>
</table></td><td>११०,३८७</td></tr>
<tr><td>८३</td><td></td><td></td><td>ल्याप ल्याण्डः सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राबिधिक नाप जाच गरी वास्तबिक कार्य सम्पादनको आधारमा बिल र विजकको भुक्तानी गर्नुपर्ने व्याबस्था छ । कार्यालयले निम्नानुसार भवन निर्माण कार्य गर्दा TMT को गणना सिट मा नर्मश अनुसार ल्यापको लम्बाई डायोमिटरको ६०-७० गुणा हुनुपर्नेमा सो भन्दा बढि लम्बाई राखि गणना गर्दा रु.३०६५१४। बढि भुक्तानी भएको छ । बढि भुक्तानी भएको रकम प्राबिधिकलाई जिम्मेवार बनाई संधिय संचित कोष दाखिला गर्नुपर्ने रु.</td><td>३०६,५१४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.नं.।मिति</td><td>फर्मको नाम</td><td>विवरण। ठेक्का नम्बर</td><td>भुक्तानी रूत्तरू परिमाण</td><td>नर्मश अनुसार ल्याप्स ल्याण्ड राख्दा भुक्तानी हुनुपर्ने रूत्तरू परिमाण</td><td>फरक</td><td>प्रति के.जी दर</td><td>बढि भुक्तानी</td></tr>
<tr><td>२९-०७९-३-२५(शसर्त पूजिगत)</td><td>भानोदय नमुना मा.बि</td><td>०१-०७७-७८(बिध्यालय)</td><td>३०९७७।६६</td><td>३०१३१</td><td>८४६।६६</td><td>१२१।४१</td><td>१०२८००</td></tr>
<tr><td>२१-०७९-३-११(शसर्त पूजिगत)</td><td>समारिका कन्ट्रक्सन</td><td>०१-०७७-७८</td><td>३२८८२।१९</td><td>३१२१२।९५</td><td>१६६९।२४</td><td>१२२।०४</td><td>२०३७१४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>३०६५१४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>लघुउद्यम विकास कार्यक्रमः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानूनबमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको, कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको कामको गुणस्तर र परिमाणसमेत सन्तोषजनक भएको, कुनै काम अनावश्यक रूपमा दोहोरो हुनेगरी नगरिएको, स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको जस्ता विषय सुनिश्चित भएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार रु २२२४८०० लघुउद्यम विकास कार्यक्रममा एकमुष्ठ खर्च गरी लाल बहादुर बुढाको पेस्की फर्स्योट गरेकोमा कार्यक्रम स्वीकृत हुँदा प्राविधिक सीप विकास तालिम रु ९७२८०० र सेवा प्रदायक संस्थामार्फत सञ्चालन हुनेगरी कार्यक्रम स्वीकृत रहेकोमा सो बेगर तालिम दिन सक्ने क्षमता, दक्षतासमेत यकिन नगरी कर्मचारीलाई पेस्की दिई कार्य गरेको, विभिन्न कार्यक्रमको कार्यक्रम वाइज लागत अनुमान, खर्चको विल तथा खर्चको तेरिज नराखी एकमुष्ठ विभिन्न कार्यक्रमको विल भरपाइ राखिएकोले खर्च रकम सीमाभित्र र कार्यक्रमको लक्ष्यअनुसार नै भएको छ भन्न सक्ने अवस्था देखिएन । यसरी खर्च गर्ने प्रवृतीमा सुधार गर्नुपर्दछ ।
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>नाम</td><td>रकम</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४१।०७९।०३।२२</td><td>लाल बहादुर बुढा</td><td>१६४९०२०</td></tr>
<tr><td>१६०।०७९।०३।२२</td><td>लाल बहादुर बुढा</td><td>१२१०६०</td></tr>
<tr><td>१६१।०७९।०३।२३</td><td>लाल बहादुर बुढा</td><td>४९६७२८</td></tr>
<tr><td></td><td></td><td>२२६६८०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>शीर्षक बाहिर खर्च - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (७) अनुसार कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले संघीय सरकार हस्तान्तरीत कार्यक्रममा प्राप्त शसर्त अनुदानको माग तथा कार्य प्रगतिको आधारमा आधारभूत स्वास्थ्य केन्द्र निर्माण शिर्षकमा विनियोजन भएको रकमवाट आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत अनमी अहेव र कार्यालय सहयोगीको चैत्र, बैसाख, जेठ र असारको तलव बापत भौ.नं. १६-०७९।१।२३ र २२-०७९।३।१२ बाट रु. १४,९२,०००।- खर्च लेखेको छ । सशर्त अनुदानको पूँजीगत शिर्षकवाट शीर्षक बाहिर गई चालु प्रकृतिको तलव भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.</td><td>१,४९२,०००</td></tr>
</table>